# भाग एक

# न्यायमा पहुँच आयोग र यसका गतिविधि

## परिच्छेद - एक

### १.१. सामान्य परिचय

न्यायको सुनिश्चितता नै लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार हो। न्यायको अनुभूति अधिकारको संरक्षणबाट हुन्छ। अधिकारको प्रत्याभूति मुलुकको मूल कानून र त्यसअन्तर्गत बनेका कानूनले गरेको हुन्छ। नागरिकका हकहरूको संवैधानिक संरक्षणको व्यवस्था पनि संविधान मै गरिएको हुन्छ। संविधानमा अधिकारको व्यवस्था गरेरमात्र पुग्दैन न्यायिक पद्दतिमार्फत प्रभावकारी कार्यान्वयनको सुनिश्चितता पनि हुनुपर्छ।न्याय व्यवस्थाको प्रभावकारिताबाट नै संवैधानिक व्यवस्थाले परिकल्पना गरेअनुरूपको कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण हुनुका साथै शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ।

हक, अधिकारले सामाजिक संरचना, विकास र सभ्यतालाई प्रभाव पार्दछ। हक, अधिकारको व्यवस्था नै नगर्नु र भएका हक, अधिकार प्रचलन प्रक्रियाहरू जटिल भएमा समेत सार्थक जीवनका आधारभूत संरचना प्रभावहीन हुने गर्दछ । हक, अधिकार सुरक्षित, सर्वसुलभ, प्रभावकारी र सरल प्रक्रियामार्फत प्राप्त हुनु नै न्यायमा पहुँच अर्थात् हक, अधिकारको उपयोग वा प्राप्त गर्ने सक्षमता वा अवसर भन्ने हुन्छ।[१]

मानवका लागि पृथ्वीमा सबैभन्दा बढी सरोकार भएको विषय नै न्याय हो।[२] यद्यपि विगतमा Magna Carta ले "कसैलाई पनि अधिकार वा न्याय बेचिने छैन, नत कसैलाई इन्कार वा ढिलाइ गरिने नै छ[३] भनी नागरिकका लागि न्यायिक प्रत्याभूतिको प्रयास भएको पाइन्छ। उक्त प्रयास हाल विश्वव्यापी रूपमा मानव न्यायको आधार बनेको छ। संयुक्त राज्य अमेरिकामा

---

१ Webster's 9th New Collegiate Dictionary, Springfield Massachusetts at 49 (1984); see, Faisal Bhabha, "Institutionalizing Access-to-Justice: Judicial, Legislative and Grassroots Dimensions" (2007) 33 Queen's L.J. 139 at 140; Roderick A. Macdonald, "Access to Justice and Law Reform" (1990) 10 Windsor Y.B. Access Just. 287 at 294 [MacDonald, "Access"]; Martin Partington, "The Relationship between Law Reform and Access to Justice: A Case Study -The Renting Homes Project" (2005) 23 Windsor Y.B. Access Just. 375 at 376; Mauro Cappelletti & Bryant Garth, Access to justice; A World Survey, vol. 1 at 161 (Milan: Sijthoff and Noordhoff-Alphenaandenrijn, 1978)

२ Prof. Roscoe Pound on his classical work on Jurisprudence, cited from "Access to Justice"by Justice A.K. Gangul, ILI Golden Jubilee 1956-2006; Cuttack Conference : Access to Justice

३ See, "To no one will we sell, to no one will we refuse or delay, right or justice" Para 40, Magna Carta 1215, http://www.magnacartaplus.org/magnacarta/

न्यायमा पहुँचका सम्बन्धमा विश्वव्यापी न्याय परियोजना भर्जिनिया लयर्सको सन् २०१० को अध्ययनले अमेरिका जस्तो विकसित मुलुकमा पनि गरिब तथा धनी व्यक्तिको हैसियतका आधारमा न्यायको पहुँचमा असर पर्ने तथ्य उजागर गरेको छ। सो अध्ययनबाट अमेरिकामा गरिब तथा धनीबीच अदालतको पहुँच ३१ प्रतिशत फरक (७१ प्रतिशत धनीहरू र ४० प्रतिशत गरीबहरू) भएको देखिएको छ। जुन अन्य मुलुकहरू फ्रान्स, दक्षिण कोरिया र स्पेनमा क्रमशः पाँच, आठ र शून्य प्रतिशत मात्र देखिन्छ।[४] हाल बिश्वमा चार अरब मानिसहरु समाजमा सीमाान्तकृत भएको वा गरिबी भएको कारणले मात्र न्यायको सुरक्षा अनुभूति गर्नबाट वञ्चित छन् ।[५]

संयुक्त राष्ट्र संघीय महासभाले सन् २०१५ पछिको विकास कार्यक्रम तय गर्ने उद्देश्यले Open Working Group on Sustainable Development Goal (OWG) गठन गरेको थियो। यस समूहले तयार गरेको लक्ष्य नं. १६ मा सन् २०३० सम्म स्वतन्त्र, प्रभावकारी र जवाफदेही न्यायप्रणालीसम्मको समान पहुँच सबैलाई उपलब्ध गराउने गरी लक्ष्य निर्धारण गर्नुका साथै प्रतिबद्धतासमेत व्यक्त गरेको छ। OWG ले लिएको यस लक्ष्यलाई राष्ट्रसंघीय प्रणालीले अनुमोदन गरी हरेक राष्ट्रलाई उक्त लक्ष्यबमोजिम कार्य गर्न आह्वान गरेको छ। नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको हुँदा संयुक्त राष्ट्रसंघले लिएका लक्ष्य प्राप्तिका निमित्त राष्ट्रिय योजना आयोगले सन् २०१५ मा Sustainable Development Goals 2016-2030 National (Preliminary) Report प्रकाशन गरी लक्ष्यहरू प्राप्त गर्नका लागि आवश्यक सूचकाङ्कसमेत निर्माण गरेको छ।

न्यायमा पहुँच भनेको कानून बनाउने र अधिकार तथा दायित्वका विषयमा न्यायिक निरुपण गर्ने आधारभूत अधिकार प्रयोग गर्ने राज्यका अङ्गमा पहुँच र तिनका निर्णयमा प्रभाव पार्न सक्ने क्षमता हो। न्यायमा पहुँचअन्तर्गत बाच्न पाउने अधिकार (Right to life) जस्ता मूलभूत अधिकारसमेत समाविष्ट हुन्छन्।[६]

सर्वोच्च अदालतले सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (संवत् २०६६ सालको रिट. नं.०५८४) भएको मुद्दामा न्यायमा पहुँच Access to Justice मौलिक हक हो भनी व्याख्या गरेको छ।

---

४ Roderick B. Mathews and Juan Carlos Botero, 'Access to Justice in the United States Findings from the Newly Released Rule of Law Index of the World Justice Project,' Vol. 59 | December 2010 | VIRGINIA LAWYER, p 25.

५ OECD & Open Society Foundation, *Leveraging the SDGs for Inclusive Growth: Delevering Access to Justice foe All*, 2016, p. 2 see https://www.oecd.org/gov/delivering-access-to-justice-for-all.pdf.

६ T.S. Thakur, CJI, *Anita Kushwaha v. Pushap Sudhan et al.*(July 19, 2016) http://www.livelaw.in/access-justice-fundamental-right-guaranteed-article-14-21-constitution-sc-constitution-bench/accessed at-7/10/2017.

हाल प्रत्येक व्यक्तिका लागि न्याय अपरिहार्य आवश्यकता *sine-qua-non* (absolute necessary) का रूपमा स्वीकार गरी आधारभूत कानूनी व्यवस्था गरिएको पाइन्छ। उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो। न्यायमा पहुँचको लागि आफ्नो हक हितको रक्षा गर्न वा आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ। त्यसैगरी, न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारीता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सर्न्दभमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो।

न्यायमा पहुँच भन्नाले अवसरबाट विमुख पारिएका वा विमुख भएका व्यक्तिहरु वा समूहले आफूलाई अन्याय भएका बखत न्याय प्रदान गर्न औपचारिक वा अनौपचारिक निकायमार्फत न्याय खोज्ने र प्राप्त गर्ने क्षमता वा सो क्षमता अभिवृद्धि सुनिश्चित गर्नका लागि ती व्यक्ति वा समूह मैत्री व्यवस्थाको विद्यमानतालाई जनाउँदछ ।

नेपालको संविधान तथा अन्य कानूनले व्यक्ति तथा नागरिकका लागि विभिन्न प्रकारका मौलिक तथा कानूनी हकहरूको प्रत्याभूति गरेको पाइन्छ। संविधानमा यी हकहरूको लामो शृङ्खला रहेको छ। यी हकहरूको संवैधानिक संरक्षणको व्यवस्था रहेको छ। व्यक्तिका अधिकारहरूको संरक्षणका लागि संविधानले स्थानीय अदालत, जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको स्थापना गर्नुका साथै विधायिकी कानूनका आधारमा अर्धन्यायिक निकायहरू, न्यायाधिकरणहरू, विषयगत अदालतसमेत क्रियाशील रहेका छन्। स्थानीय निकायले कानूनको अधिनमा रही आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था संविधानमा छ।[७]

संविधान तथा कानूनले व्यवस्था गरेका हकहरूको उपभोग गर्न सबै व्यक्ति समान रूपले सक्षम हुन्छन् भन्न सकिंदैन। त्यसैले संविधानको धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक व्यवस्थामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था छ।संविधानको यस व्यवस्थाबाट लक्षित

---

७ नेपालको संविधानको धारा २१७

वर्ग (महिला, विपन्न, असहाय र असक्षम) का व्यक्तिहरूलाई राज्यले विशेष संरक्षण गर्न कानून बनाई त्यस्ता वर्गका व्यक्तिको संरक्षण गर्ने दायित्व राज्य र यसका अंगमा रहेको छ।

न्याय प्राविधिक ढंगमा लेखबद्ध गरिएका संविधान, कानून र ती कानूनको कार्यान्वयनका लागि प्रयोगमा आएका अदालत तथा अन्य कार्यालयहरूको संख्याले मात्र तय हुँदैन। न्याय प्रदायक निकाय अदालतलगायतका सरकारी तथा गैरसरकारी निकायहरू, ती निकायमा कार्यरत न्यायाधीश तथा कर्मचारीको आचरण, व्यवहार र सेवाग्राहीको सेवा लिन सक्ने क्षमता, सेवाग्राहीको अवस्था र स्तर अनुसार उपलब्ध गराइएका सुविधाहरूले न्यायको स्तर निर्धारण हुन्छ। हालका दिनमा संविधान तथा कानूनमा आधारभूत सुधार भएको औपचारिक रूपमा देख्न सकिन्छ। जसका कारण कानूनी संरचनामा प्रक्रियागत जटिलता भएकै कारण न्याय अझैपनि सर्वसाधारण नागरिकको सहज पहुँचको विषय बन्न सकेको छैन्।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५।७६) मा शासकीय सुधारअन्तर्गत न्याय व्यवस्थालाई समेत समावेश गरी न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने र सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच कायम गरी नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने उद्देश्य राखेको पाइन्छ।

व्यक्तिको न्यायमा सहज पहुँच न्यायपालिकाको सदैब गम्भीर चासो र सरोकारको विषयको रुपमा रहिआएको र विधिको शासन, नागरिक हक अधिकारको पृष्ठपोषकको रुपमा दृढतापूर्वक उभ्याउने दिशामा उन्मुख रहेको पाइन्छ। सर्वोच्च अदालत लगायत अन्य अदालतहरूबाट भएका न्यायिक निर्णय तथा अन्तिम आदेशहरूसमेत यस विषयलाई सम्बोधन गर्ने प्रयासकारूपमा भएका छन्। खासगरी लैङ्गिकरूपमा पछि पारिएका महिलाहरूको सशक्तीकरणको लागि सम्पत्तिमा समान अवसर, प्रजनन् अधिकार, शिक्षा र रोजगारीमा समान सहभागिता, अपराध तथा यौनजन्य हिंसाको शिकार भएका महिला तथा बालबालिकाको न्यायमा सहज पहुँचको लागि न्यायिक काम कारवाहीमा शीघ्रता, व्यक्तिगत परिचयात्मक विवरणको गोपनीयता, पीडित वा साक्षी संरक्षण, महिला भएकै कारण सजायमा गरिएको विभेदको अन्त्य लगायतका विषयहरू समेतमा न्यायिक निर्णयहरूबाट सम्बोधन गरिएका छन्। यसका अतिरिक्त जातीय र सामाजिक भेदभाव, कुरीति, बाल न्याय, जेष्ठ नागरिकहरूको संरक्षण, राज्यका विभिन्न निकायहरूमा समावेशिताका लागि

सर्वोच्च अदालतबाट भएका आदेशहरूले यस विषयमा विधिशास्त्रीय विकासमा टेवा पुगेको देखिन्छ।[८]

न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७१/७२-२०७५/७६) ले लिएका विभिन्न लक्ष्यहरूमध्ये न्याय प्रणालीलाई पहुँच योग्य बनाउने पनि एक महत्वपूर्ण लक्ष्य रहेको छ। यस लक्ष्यलाई पूरा गर्न विभिन्न रणनीतिहरू अवलम्बन गरेको छः-

१. आर्थिक रूपले विपन्न नागरिकहरूका निम्ति न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गरी सुलभ व्यवस्था गर्ने,
२. न्यायिक कार्यविधिलाई सरल बनाउने,
३. अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने,
४. मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने,
५. अदालतका भौतिक सुविधाहरू सेवाग्राहीहरूका आवश्यकता अनुरूप तुल्याउने।

अदालतबाट प्रदान गरिने सेवा सुविधा एवम् न्यायिक प्रक्रियाका बारेमा सेवाग्राहीलाई जानकारी दिनका लागि अदालतहरूमा सूचना तथा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याउने रणनीतिअनुरूप सबै अदालतमा सूचना तथा सहायता कक्षको स्थापना गरिएको छ। उक्त कक्षबाट अदालतमा पहिलोपटक प्रवेश गर्ने सेवाग्राहीको लागि अदालतले दिने सेवा सुविधाहरू एवम् न्यायिक प्रक्रियाका सम्बन्धमा जानकारी दिनेलगायतका परामर्श सेवा सञ्चालनमा छन्।

सर्वोच्च अदालतले आफ्ना भौतिक संरचनालाई सेवाग्राहीमैत्री बनाउने रणनीति अख्तियार गरेको छ। सेवाग्राहीको लागि उपयुक्त प्रतिक्षालय, स्वच्छ पिउने पानीको व्यवस्था, शौचालय निर्माणलगायतका कार्यहरू भै रहेका छन्। नयाँ निर्माण गरिने भवनहरूमा अपाङ्गतामैत्री भौतिक सुविधाहरू पीडित तथा साक्षीहरूको संरक्षणको प्रबन्ध, बालबालिका तथा पक्षको गोपनीयता कायम गर्नु पर्ने पक्षहरूको आवश्यकतासमेतलाई ध्यानमा राखी निर्माण कार्य हुदै आएको छ।

अदालतबाट लक्षित वर्गका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि प्रत्येक जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको व्यवस्था गरिएको छ। वैतनिक कानून व्यवसायीको सेवालाई पक्षहरूको तर्फबाट बहस पैरवी गर्ने काममा मात्र सीमित नगरी लिखत तयारी, परामर्श सेवा, साक्षी परीक्षण र कम्तीमा १५ दिनमा एकपटक कारागारको भ्रमण गरी थुनुवा/कैदीको तर्फबाट लिखत तयार गर्नुपर्ने वा प्रतिरक्षा गर्नुपर्ने भएमा सोसम्बन्धी आवश्यक कार्य गर्ने व्यवस्था मिलाइएको छ। वैतनिक कानून व्यवसायीको सेवालाई

[८] नेकाप २०६१ अंक ७ नि.नं. ७४१२, नेकाप २०६६, अंक ९ नि.नं. ८२१५, नेकाप २०५५, अंक १२ नि.नं. ८२८२, नेकाप २०६५, अंक ८, नि.नं. ८००१, नेकाप २०७२, अंक ५, नि.नं. ९४०० ।

अझ प्रभावकारी बनाउनका लागि काठमाडौं उपत्यका र कास्की जिल्लाबाहेकका पहाडी र हिमाली क्षेत्रमा रहेका जिल्लास्थित अदालतमा रहेका वैतनिक कानून व्यवसायीहरूलाई सोही जिल्लास्थित अर्धन्यायिक निकायहरूमा समेत तत्कालै सेवा विस्तार गर्ने व्यवस्था गरिएको छ।

न्यायको खोजी र प्राप्ति गर्ने सबैको समान अधिकार रहने भएपनि आर्थिक, सामाजिक, सांस्कतिकलगायत विभिन्न कारणबाट न्यायमा सबैको पहुँच सुनिश्चित हुन सकिरहेको छैन। न्यायको पहुँचमा रहेका व्यवधानहरूको सही रूपमा पहिचान नगरेसम्म त्यसलाई प्रभावकारी ढंगबाट सम्बोधन गर्न सकिदैन। न्यायमा पहुँचको दायरा अत्यन्त फराकिलो रहेको र यसका आयामहरूलाई सम्बोधन गर्न राज्यका विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी रहने भए तापनि त्यसको केन्द्र विन्दुमा न्यायपालिका नै रहन्छ। आम नागरिकले न्यायमा सहज पहुँचको वास्तविक अनुभूति गर्ने वा त्यसलाई व्यवहारमा रुपान्तरण गर्ने माध्यमका रूपमा न्यायपालिका रहने भएकाले न्यायपालिकाले आफ्नो दायराभित्र रही बहिस्करण र विभेदका कारणले न्यायको सहज पहुँचबाट वञ्चित भएका वर्ग र व्यक्तिको न्यायमा पहुँच अभिवृद्धि गर्ने दायित्व महसुस गरी सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा वि.सं. २०७२।४।१० गते न्यायमा पहुँच आयोगको गठन भएको हो।

आयोगले आफूलाई प्राप्त कार्यदिशभित्र रही वार्षिक कार्ययोजना निर्माण गरी विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ। आयोगले विगतका दुई आर्थिक वर्षमा वार्षिक कार्ययोजना बनाई कार्य गर्दै आएकोमा आ.व. २०७४/०७५ को लागि वार्षिक कार्ययोजना निर्माण गरी कार्यक्रम गर्ने उद्देश्य लिएको छ।

## १.२. आयोगको कार्यदिशः

यस आयोगलाई देहाय बमोजिमको कार्यदिश प्राप्त भएको छः

क) महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रूपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने,

ख) कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने,

ग) न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support system)को विकास गर्ने,

घ) न्यायको पहुँचमा  रहेका अवरोधक तत्त्वहरू पहिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने गराउने,

ङ)	महिला, विपन्न असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने र

च)	न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्ने।

न्यायमा पहुँच आयोगले उल्लिखित कार्यादेशअनुरूप क्रियाकलाप सञ्चालन गर्दै आएको छ। यिनै कार्यादेशका आधारमा आयोगले आ.व. २०७३।०७४ मा विभिन्न क्रियाकलापहरू गरेको थियो जसको समिक्षा परिच्छेद तीनमा गरिएको छ। आयोगले उल्लिखित कार्यादेशका आधारमा आ.व. २०७४।०७५ को लागि वार्षिक कार्ययोजना बनाएको छ। कार्ययोजनामा महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूलाई लक्षित वर्ग भनी समेटिएको छ।

# परिच्छेद दुई

# न्यायमा पहुँच सम्बन्धमा अबलम्बन गरिएका कार्यक्रम

आयोगले सेवाग्राहीलाई लक्षित गरी के कस्ता कार्य गर्न आवश्यक छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ। सामान्यतया आयोगले लक्षित वर्गको सशक्तीकरणका लागि निम्नलिखित क्रियाकलाप सञ्चालन गर्ने योजना बनाएको छ।

## २.१ सेवाग्राही (Demand Side) मा केन्द्रित कार्यक्रम

क) लक्षित वर्गका व्यक्तिलाई प्राप्त हक अधिकारका सम्बन्धमा जानकारीमूलक सामग्री उत्पादन गर्ने।

ख) लक्षित वर्गका व्यक्तिका हक अधिकारबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने।

ग) लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धमा प्रशिक्षक तयार पार्ने।

घ) लक्षित वर्गका व्यक्तिका हक अधिकारबारे प्रचार प्रसार गर्ने गराउने।

ङ) लक्षित वर्गका व्यक्तिको सशक्तीकरणका लागि कानूनी र संस्थागत आधार विकास गर्ने।

## २.२ सेवाप्रदायक निकाय (Supply Side) मा केन्द्रित कार्यक्रम

न्यायका आकाङ्क्षीका चाहना र अपेक्षालाई न्यायिक सेवा प्रदायक निकायले गम्भीरताका साथ लिनै पर्छ। आफ्ना निकायमा भएका स्रोत र साधनलाई मितव्ययी तरिकाले उपयोग गरी सेवाग्राहीको सेवाका लागि सदैव समर्पित हुन आवश्यक हुन्छ। सेवा प्रदायक निकायहरूसँग थुप्रै समस्या हुन सक्दछन्। ती समस्याहरूको समाधान समयमै गरी सेवाग्राहीको सन्तुष्टिलाई केन्द्रबिन्दुमा राखी कार्य गर्नु पर्ने हुन्छ। सामान्यतया सेवाग्राहीलाई प्रदान गरिने सेवाका सम्बन्धमा निम्नलिखित विषयमा ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ :-

क) न्यायमा पहुँचसम्बन्धी कानूनमा देखिएका अवरोधहरू पहिचान गरी त्यसमा सुधार गर्ने।

ख) न्यायमा पहुँचका क्षेत्रमा रहेका अवरोधक तत्त्वहरूको बारेमा अध्ययन प्रतिवेदनका आधारमा कार्य गर्ने।

ग) अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास गरी नियमित अनुगमन गर्ने।

घ) निःशुल्क कानूनी सहायताको सेवा विस्तार गर्ने।

ङ) वैतनिक कानून व्यवसायीको सेवा विस्तार गरी प्रभावकारी बनाउने।

च) स्वेच्छिक कानूनी सेवा (Pro bono) लाई अझ प्रभावकारी बनाउने।

छ) अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि भाषा अनुवादकको सेवा प्रदान गर्ने।

ज) अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा प्रदान गर्ने।

झ) अन्तर सरकारी निकायहरूसँग समन्वय गर्ने।

ञ) कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँग समन्वय गर्ने।

## २.३ न्यायमा पहुँचसम्बन्धी पद्दतिका सबल पक्ष

लक्षित वर्गको न्यायमा सहज पहुँचका लागि विभिन्न काम कारवाही भएका छन्। संविधान, कानून, अदालतका फैसला, प्रथा परम्परामा समेत कमजोर, असहाय, गरिब, महिला, बालक, बृद्धहरूलाई लक्षित गरी थुप्रै व्यवस्थाहरू भएका छन्। न्यायपालिकाको तर्फबाट पनि न्यायमा पहुँचका लागि थुप्रै कार्यहरू भएका छन्। न्यायमा पहुँचसम्बन्धी सबल पक्षहरू निम्नानुसार छन्।

क) लक्षित वर्गलाई विशेष व्यवस्था गर्नुपर्ने संवैधानिक प्रत्याभूति रहेको छ।

ख) नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ लाई अनुमोदन गरेको र यस प्रतिज्ञापत्रले सक्षम, स्वतन्त्र र निष्पक्ष निकायबाट न्याय पाउने नागरिक अधिकारको प्रत्याभूति गरेको हुँदा यसबारेमा राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धता रहेको छ।

ग) न्यायपालिकाको विभिन्न तहका अदालतहरूको संस्थागत संरचना देशको ७५ वटै जिल्ला सदरमुकामसम्म पुगेको छ भने आवश्यकताअनुसार विशेष अदालत, न्यायाधिकरण तथा अर्धन्यायिक निकायहरू पनि गठन भई कार्य गरिरहेका छन्।

घ) न्यायमा पहुँच आयोगको क्रियाकलापमा सम्माननीय प्रधान न्यायाधीशज्यूको नेतृत्व र प्रतिबद्धता रहेको छ।

ङ) न्यायमा पहुँच आयोग गठन भई सर्वोच्च अदालतमा आयोगको सचिवालय स्थापना गरी काम भइरहेको छ।

च) न्यायमा पहुँचसम्बन्धी केही क्रियाकलाप न्यायपालिकाको रणनीतिक योजनाअन्तर्गत पनि कार्यान्वयन भैरहेको हुँदा केही हदसम्म रणनीतिक आधारहरू पहिलेदेखि नै विद्यमान छन्।

छ) न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा आगामी १० वर्ष अर्थात्, संवत् २०८० सालसम्ममा कुनैपनि अदालतमा १ वर्ष नाघेका मुद्दाहरू नरहने स्थिति निर्माण गर्न आगामी पाँच वर्षमा १८ महिना नाघेको मुद्दा नरहने गरी नतिजा परिसूचक निर्धारण गरिएको छ।

ज) प्रतिनिधित्व र समावेशितालाई आधारभूत मूल्यका रूपमा स्वीकार गरिएको छ।

झ) न्यायपालिका र अन्य सम्बद्ध निकायहरूलाई न्यायमा पहुँच अभिवृद्धि हुने गरी कार्य गर्न आयोगबाट विभिन्न निर्णयहरू भएका छन्।

ञ) सर्वोच्च अदालतबाट न्यायिक प्रक्रियालाई गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउने तरिकाका बारेमा केही अध्ययन भएका छन्। जसले आयोगलाई कार्य गर्ने आधार प्रदान गरेको छ।

ट) सबै अदालतमा वैतनिक वकिलको व्यवस्था गरी असहाय र आर्थिक रूपले कमजोर व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध हुँदै आएको छ।

ठ) नेपाल सरकारले जिल्ला तहमा जिल्ला कानूनी सहायता समितिमार्फत आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराउँदै आएको छ।

ड) खास प्रकृतिका मुद्दाहरूको सुनुवाइ बन्द इजलासबाट गरी पक्षको गोपनीयताप्रति अदालत संवेदनशील रहेको छ।

ढ) बालबालिकासँग सम्बन्धित मुद्दा बाल इजलासबाट सुनुवाइ गरिने व्यवस्था रहेको छ।

ण) अदालतमा मुद्दा दर्ता भएपछि समय तालिका लागू गरी अदालती कारवाही गर्न थालिएको छ।

त) केही विशेष प्रकृतिका मुद्दामा निरन्तर सुनुवाइ प्रणालीलाई निरन्तरता दिइएको छ।

थ) अदालतबाट प्रदान गरिने सेवामध्ये केही सेवालाई एक घण्टाभित्र प्रदान गर्ने कार्य प्रारम्भ भैसकेको छ।

द) मुद्दाको कारवाही SMS बाट सम्बन्धित पक्षले पाउन सक्ने व्यवस्था मिलाइएको छ।

ध) सम्बन्धित अदालतमा कार्यरत स्रेस्तेदार र वैतनिक कानून व्यवसायीको मोबाइल नम्बर SMS बाट पाउन सकिने व्यवस्था मिलाइएको छ।

न) न्यायिक संवाद कार्यक्रमको माध्यमबाट केही हदसम्म कानून र अदालतसम्बन्धी जानकारी समुदायसम्म पुऱ्याउने कार्यको थालनी भएको छ।

प) रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमबाट न्यायमा पहुँचसम्बन्धी केही कार्यक्रमको प्रसारण सुरू भैसकेको छ।

फ) सेवाग्राहीलाई केन्द्रविन्दुमा राखी कार्य गर्ने प्रणालीको विकास भइरहेको छ।

ब) महान्यायाधिवक्ताको कार्यालयले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

भ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

म) नेपाल बार एसोसिएसनले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ।

य) विभिन्न गैरसरकारी संस्थाले पनि न्यायमा पहुँचसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

र) सेवाग्राहीसँग गरिने व्यवहारलाई सुधार गर्न कर्मचारीहरूलाई विभिन्न विषयमा तालिम प्रशिक्षण दिइदै आएको र सेवाग्राहीप्रति गरिने व्यवहारमा परिवर्तन आएको छ।

## २.४ न्यायमा पहुँचसम्बन्धी पद्धतिका कमजोर पक्ष

माथि उल्लेख गरिएका सबल पक्षहरू हुँदाहुँदै पनि सबै नागरिकको न्यायमा पहुँच सहज भएको छ भन्न सकिने अवस्था छैन। न्यायमा सहज पहुँचमा अवरोधहरू अझै पनि विद्यमान छन्। यी अवरोधहरू समाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, भाषिक विभिन्न स्वरूपमा रहेका छन्। न्यायपालिकाको एक्लो प्रयासले मात्र यी अबरोधहरू हटाउन सम्भव छैन। यसका लागि राज्यका हरेक अङ्गको सहयोग आवश्यक पर्छ। समयमै कानूनको निर्माण तथा संशोधन, बजेट तथा सक्षम जनशक्तिको आपूर्तिका साथै पर्याप्त भौतिक स्रोत साधन उपलब्ध हुनुपर्छ।

नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले गरेको अपराधसम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन, २०७२ अनुसार अपराधमा ४२.३ प्रतिशत पुरुष संलग्न हुने, अपराधबाट सबैभन्दा बढी महिला ५०.७ प्रतिशत र बालबालिका १२.३ प्रतिशत पीडित हुने गरेको देखिन्छ। साथै नेपाल सरकारले उपलब्ध गराएको कानूनी सहायताको सम्बन्धमा ८७.७ प्रतिशतलाई केही जानकारी नभएको, ८.६ प्रतिशतले मुद्दा हेर्ने अधिकारी (अदालत र अर्धन्यायिक निकाय) बाट राम्रो व्यवहार हुने गरेको, ४०.८ प्रतिशतले सामान्य व्यवहार हुने गरेको, ११.१ प्रतिशतले राम्रो व्यवहार हुने गरेको छैन भन्ने जवाफ दिएका रहेछन्। ४.६ प्रतिशतले जिल्ला कानूनी सहायता समिति र वैतनिक कानून व्यवसायीबाट सेवा पायौं भन्ने र ८७.५ प्रतिशतले सेवा पाउन सकिएन भन्ने जवाफ दिएका रहेछन्।

क्षतिपूर्तिको सम्बन्धमा सोधिएको प्रश्नमा ७३.० प्रतिशत पीडितले क्षतिपूर्ति तत्कालै पाइएन भनी जवाफ दिएको पाइन्छ भने ९१.७ प्रतिशतले अपराधबाट पीडित भएपछि क्षतिपूर्ति प्राप्त गर्न नसकेको भनी उल्लेख गरेको देखिन्छ। त्यसैगरी, ६३.२ प्रतिशतले सरकारी साक्षीलाई बकपत्र गर्दा आउने जाने खर्च नपाएको भनी जवाफ दिएको पाइन्छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट भएको यो सर्वेक्षण नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग मात्र सम्बन्धित रहेको छ। राज्यले मुद्दाका पक्षलाई कानूनी सहायता अन्तर्गत थुप्रै रकम खर्च गरिरहेको छ। संरचनागत व्यवस्था पनि विद्यमान रहेका छन। सर्वोच्च अदालतलगायत हरेक तहका अदालतमा वैतनिक वकिलको व्यवस्था रहेको छ। अदालत, कानून मन्त्रालय, केन्द्रीय कानूनी सहायता समिति तथा अन्य गैरसरकारी संस्थाहरूले समेत कानूनी सहायताको सेवा उपलब्ध गराउँदै आएका छन्। तर उपलब्ध सेवाको प्रभावकारिताको बारेमा कुनै सर्वेक्षण भएको छैन।सङ्क्षेपमा न्यायमा पहुँचका सम्बन्धमा रहेका कमजोर पक्षहरू मुख्यतः निम्नलिखित छन्ः

क) अदालतको संरचना जिल्लाको सदरमुकामसम्म पुगे तापनि स्थानीय तहमा न्यायिक निकायहरू पुग्न सकेका छैनन्।
ख) स्थानीय निकायले न्यायिक अधिकार प्रयोग गर्न सकेको छैन।
ग) स्थानीय निकायसँग दक्ष न्यायिक जनशक्ति रहेको छैन।
घ) न्यायमा पहुँच नागरिकको अधिकारको रूपमा स्थापित भैसकेको वर्तमान अवस्थामा यस चुनौतीलाई सम्बोधन गर्न विद्यमान जनशक्तिको क्षमता पर्याप्त छैन।
ङ) न्यायपालिकालाई अपेक्षित मात्रामा बजेट प्राप्त हुन सकेको छैन र न्यायापालिकालाई आवश्यक आर्थिक स्रोत आफैंले जुटाउने अधिकार छैन।
च) न्यायिक प्रक्रियामा अवलम्बन गरिने कतिपय कार्यविधिहरू परम्परागत, झन्झटिला र औपचारिक खालका छन्।
छ) न्यायमा पहुँचसम्बन्धी कानूनी व्यवस्थाहरू विभिन्न ऐनमा छरिएर रहनुका अतिरिक्त भएका व्यवस्था पनि पर्याप्त छैनन्।
ज) न्यायपालिकाको रणनीतिक योजना छ तर न्यायमा पहुँच आयोगको आफ्नो छुट्टै रणनीतिक योजना बनिसकेको छैन।
झ) न्यायिक कार्यमा संलग्न विभिन्न निकायका कर्मचारीहरूको व्यवहार सेवाग्राहीमैत्री छैन भन्ने सेवाग्राहीको गुनासो रहेको छ।
ञ) न्यायसम्बन्धी सेवाप्रदायक संयन्त्रहरूको कामको प्रभावकारिता नभएको भन्ने गुनासो रहेको छ।
ट) न्यायिक काम कारवाहीमा ढिलाइ हुने गरेको गुनासो रहेको छ।
ठ) वैतनिक वकिलको सेवा गुणस्तरीय र प्रभावकारी नभएको गुनासो छ।
ड) कानूनी सहायतासम्बन्धी ऐनमा पुनरावलोकन गर्नु पर्ने देखिएको छ।
ढ) न्यायमा पहुँचसम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन सकेको छैन।
ण) न्यायमा पहुँचसम्बन्धमा अहिलेका सूचकहरूबाट सन्तोष लिने ठाउँ देखिएको छैन।
त) न्यायिक जनशक्तिले सेवाग्राहीमैत्री व्यवहार पूर्णरूपमा गर्न सकिरहेका छैनन्।
थ) पीडितले तत्कालै क्षतिपूर्ति पाउन सकेका छैनन्।
द) भौतिक संरचनाहरू पूर्णरुपमा अपाङ्गतामैत्री छैनन्।
ध) सरोकारवाला निकायहरूको सकारात्मक सहयोग र समन्वयको कमी।

## २.५ न्यायमा पहुँचसम्बन्धी पद्धतिका लागि उपलब्ध अवसर

संविधानले खास वर्ग र समुदायका व्यक्तिका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था गर्नुका साथै संयुक्त राष्ट्रसंघले पनि स्वतन्त्र, प्रभावकारी र जवाफदेही न्यायप्रणालीमा सबैलाई समान पहुँच उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको अवस्थामा न्यायमा पहुँच आयोगलाई

लक्षित वर्गसम्म न्यायमा पहुँचसम्बन्धी कार्य गर्न सहज हुने अवस्था रहेको छ। यिनै सकारात्मक आधारमा न्यायमा पहुँचका लागि निम्न तथ्यहरू अवसरका रूपमा रहेका छन्।

क) सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने र न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने कुरा राज्यको सामाजिक न्याय र न्याय तथा दण्ड व्यवस्था सम्बन्धी नीति हुने कुरालाई संविधानमा नै उल्लेख गरिएको छ।

ख) चौधौं योजनामा न्यायमा पहुँच विषयलाई समावेश गरिएको छ।

ग) संयुक्त राष्ट्रसंघीय महासभाबाट पारित दिगो विकास लक्ष्य (Sustainable Development Goals) को लक्ष्य नं. १६ मा सन् २०३० सम्म सबैलाई न्यायप्रणालीसम्मको समान पहुँच गराउने प्रतिबद्धता व्यक्त गरिएको छ।

घ) न्यायमा पहुँचसम्बन्धी अवधारणालाई असल शासनसम्बन्धी एउटा प्रमुख तत्त्वको रूपमा स्वीकार गरिएको छ।

ङ) जनमानसमा न्यायसम्बन्धी हकका बारेमा जागरण बढ्दै गएको हुँदा न्यायमा पहुँच आयोगले कार्यान्वयन गर्ने कार्यक्रमको माग अभिवृद्धि हुने सम्भावना छ।

च) समाजको ठूलो हिस्सा न्यायको पहुँचबाट बाहिर रहेको अवस्था भएकोले न्यायमा पहुँच आयोगलाई पर्याप्त कार्यक्षेत्र उपलब्ध हुनेछ।

छ) सरकारी तथा गैर-सरकारी निकायहरूले पनि यस क्षेत्रमा कार्य गरिरहेको हुँदा ती निकायसँग सहकार्य र समन्वयको सम्भावना रहेको छ।

ज) न्यायमा पहुँच आयोगको कार्यक्षेत्र नागरिकको सेवाका लागि लक्षित हुँदा अन्तर्राष्ट्रिय विकास साझेदारको आकर्षण र चासोसमेत अभिवृद्धि हुँदै गएको छ।

झ) स्थानीय तहका न्यायिक समितिले न्याय सम्पादनको कार्य गर्ने हुँदा उक्त निकायलाई सक्षम र प्रभावकारी बनाउन पर्नेछ।

## २.६ न्यायमा पहुँचसम्बन्धी पद्धतिमा देखिएका चुनौतीहरूः

न्यायमा पहुँचका सम्बन्धमा सबल र कमजोर पक्षका साथै विभिन्न अवसर हुँदा हुँदै पनि हाम्रा सामु केही चुनौतीहरू रहेका छन्। यससम्बन्धमा देखिएका चुनौतीहरू मुख्यतः देहायबमोजिम छन्ः

क) आम जनतामा न्यायिक निकाय/संस्थाप्रति आस्था र विश्वास बढाउन चुनौती रहेकोले आयोगको काममा सहयोगी भावना जुटाउन कठिन हुन सक्छ।

ख) लक्षित वर्गका व्यक्तिहरूको कमजोर शैक्षिकस्तरका कारण न्यायमा पहुँच आयोगले आफ्ना क्रियाकलाप उनीहरूसम्म पुऱ्याउन कठिन हुन सक्छ।

ग) न्यायसम्बन्धी सेवामा कानून व्यवसायीको ठुलो भूमिका रहने तथा न्यायको प्राप्तिका लागि लाग्ने खर्चमा कानून व्यवसायीको सेवा लिंदा तिर्नुपर्ने खर्चसमेत पर्ने भए तापनि कानून व्यवसायीको शुल्क नियमित गर्ने प्रणालीको विकास हुन सकेको छैन।

घ) अदालतबाहेक अन्य अर्धन्यायिक संयन्त्रहरूमा न्यायपालिकाको नियन्त्रण र पहुँच छैन।

ङ) आयोग वा अदालतलाई आवश्यक पर्ने स्रोत र साधन उपलब्ध गराउने निकाय अदालत वा आयोगको नियन्त्रणमा छैनन्।

च) विभिन्न निकायबाट भैरहेका न्यायमा पहुँचसम्बन्धी कामहरूको समन्वय गर्ने प्रभावकारी संयन्त्रको विकास हुन सकेको छैन।

# परिच्छेद तीन

# न्यायमा पहुँच आयोगका गतिविधि

न्यायमा पहुँच आयोगले वार्षिक कार्ययोजनाअनुसार विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। आयोगले सुरूका वर्षमा खासगरी अध्ययन अनुसन्धानमा बढी जोड दियो भने पछिल्ला वर्षमा कार्ययोजना बमोजिमका अन्तरक्रिया कार्यक्रमहरू, जानकारीमूलक एवम् सूचनामूलक सामाग्रीहरूको तयारी तथा प्रकाशन गर्ने कार्य गर्‍यो।

आयोगको वार्षिक कार्ययोजना र आयोगको बैठकहरूबाट भएका निर्णयका आधारमा यसले आफ्ना काम कारवाहीहरू सम्पादन गर्दै आएको छ। यस सन्दर्भमा आ.व.२०७३/७४ मा आयोगबाट भए गरेका काम कारवाहीहरूको सारसंक्षेप देहायबमोजिम रहेको छ-

## ३.१ आयोगका बैठकबाट भएका निर्णय र तिनको कार्यान्वयनको अवस्था

आयोगको बैठक सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा बस्दै आएको छ। गत आर्थिक वर्षमा आयोगले निम्न कार्य गरेको थियोः

क) आ.व. २०७३/०७४ को वार्षिक कार्ययोजना पारित भई सो बमोजिम विभिन्न क्रियाकलापहरू सञ्चालन भएका थिए।

ख) न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम माग भएको धरौटी तिर्न नसकी थुनामा बसेका व्यक्तिहरूको बारेमा भएको अध्ययन प्रतिवेदन आयोगले सुझावसहित पारित गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरेको थियो।

ग) न्यायमा पहुँच अभिवृद्धिका लागि अदालतका सेवाग्राहीहरूमा लक्षित कार्यक्रम गर्न यस क्षेत्रमा कार्यरत सामाजिक संस्थाहरू इच्छुक देखिएकोले यस्ता संस्थाहरूले गर्न सक्ने कार्यहरू, त्यसको तरिका र पद्धति पहिचान गरी अदालतमा सेवाग्राहीका लागि यस्ता कार्य सञ्चालन गर्न माननीय जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुलीबाट तयार भएको अदालतमा सेवा प्रदायक संस्थाको परिचालनसम्बन्धी निर्देशिका आयोगसमक्ष पेस भई छलफल हुँदा प्राप्त सुझावलाई समावेश गरी परिमार्जन गर्ने निर्णय भएको थियो। माननीय न्यायधीशबाट आयोगको निर्णयबमोजिम प्राप्त सुझावहरूलाई समावेश गरी तयार भएको प्रस्तावित निर्देशिका आयोगको बैठकमा पेस गर्न बाँकी रहेको छ।

घ) कारागारमा रहेका महिला कैदीहरूको अवस्थाको अध्ययन गरी कैदबाट मुक्त भएपछि सामाजमा पुनःस्थापनाका लागि के गर्दा उपयुक्त हुन्छ भन्नेसम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न आयोगका सदस्य श्री दुर्गा सोवको संयोजकत्वमा गठित अध्ययन समूहले कार्य गरिरहेको छ।

ङ) अदालतमा सांकेतिक भाषाको सम्भावना अध्ययन प्रतिवेदन, २०७३ माथि भएको छलफलमा प्राप्त सुझावलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिन सम्बन्धित अध्ययन समूहलाई थप निर्देशन दिएको थियो। निर्देशनबमोजिम अध्ययन समूहले थप परिमार्जन गरी प्राप्त प्रतिवेदनलाई आयोगको बैठकमा पेस गर्न बाँकी रहेको छ।

च) कर्णाली अञ्चलमा न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा संक्षिप्त प्रतिवेदन आयोगसमक्ष पेस हुँदा प्रतिवेदनमा उल्लेख भएका समस्या समाधान गर्नका लागि केही रणनीतिहरू अवलम्बन गरी न्यायमा पहुँचको अवस्था सुनिश्चित गर्न थप अध्ययन गर्न आवश्यक देखिएकोले सोसम्बन्धमा अध्ययन प्रतिवेदन पेस गर्न एक अध्ययन समूह बनाउने निर्णय भएकोमा अध्ययन कार्यसमूह गठन हुन सकेको छैन।

छ) नेपाल बार एसोसिएसनलाई सहजीकरणका लागि स्वेच्छिक निःशुल्क कानूनी सेवा (Probono) सम्बन्धी निर्देशिकाको मस्यौदा नेपाल बार एसोसिएसनमा पठाइएको छ।

ज) लक्षित बर्गका व्यक्तिहरूको अधिकार तथा उपचारका सम्बन्धमा जानकारीमुलक पुस्तिका प्रकाशन गरी लक्षित वर्गसम्म पुऱ्याउने निर्णय भएकोमा निर्णयबमोजिम विभिन्न ९ प्रकारका जानकारीमूलक पुस्तिका छपाई गरी उच्च अदालत तथा जिल्ला अदालतमा वितरण गरिएको छ।

झ) मुद्दा मामिलामा संलग्न हुन परेको कारणबाट पक्षहरूले वा पीडितहरूले बेहोर्नु पर्ने खर्चहरूको विश्लेषणका सम्बन्धमा परामर्शदाता श्री बलरामप्रसाद राउतले पेस गरेको अध्ययन प्रतिवेदनमा समावेश भएका विषयवस्तुको अध्ययन गरी सुझाव दिन माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको संयोजकत्वमा गठित समितमा छलफल भइरहेको छ।

ञ) वैतनिक कानून व्यवसायीको कार्यबोझ कम भएका (काठमाडौं उपत्यका र कास्कीबाहेकका पहाडी र हिमाली क्षेत्रमा रहेका जिल्ला) जिल्लास्थित अदालतमा रहेका बैतनिक कानून व्यवसायीहरूलाई सोही जिल्लास्थित अर्धन्यायिक निकायहरूमा समेत सेवा विस्तार गर्न व्यवस्था मिलाइएको छ।

ट) कार्यबोझ बढी भएका अदालतका बैतनिक कानून व्यवसायीले अर्धन्यायिक निकायमा आउने असहाय असमर्थ पक्षलाई पूरा समय दिई सेवा दिन नसक्ने अवस्थालाई मध्यनजर गरी कार्यबोझ बढी भएका अर्धन्यायिक निकायको कार्यबोझको अध्ययन विश्लेषण गरी तत्पश्चात् सोका आधारमा आवश्यक नीतिगत तथा कानूनी ब्यवस्था गरी बैतनिक कानून व्यवसायीको प्रबन्ध मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई लेखी पठाउन आवश्यक अध्ययन गरी आयोगको आगामी बैठकमा पेस गर्ने निर्णय भएकोमा थप अध्ययन हुन बाँकी रहेको छ।

ठ) सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराईबाट तयार भएको नेपालमा न्यायमा पहुँचको अवस्था, प्रारम्भिक मत सर्वेक्षणसम्बन्धी अवधारणापत्र आयोगसमक्ष पेस हुँदा यससम्बन्धी अध्ययन राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत गराउन उचित देखिएकोले सोबमोजिम प्रस्ताव तयार गरी कार्य अघि बढाउन राष्ट्रिय न्यायिक प्रतिष्ठानमा पठाइएको छ।

ड) स्थानीय तहमा रहेका न्यायिक समितिमा रहने पदाधिकारीहरूको न्याय सम्पादनसम्बन्धी क्षमता अभिवृद्धि गरी न्यायिक कार्यलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा विस्तृत अवधारणापत्र तयार गर्ने भनी भएको निर्णय अनुसार काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश डा. रमेशप्रसाद रिजालबाट तयार पारिएको अवधारणा पत्र प्राप्त भएको छ।

ढ) न्यायमा पहुँचसम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको संग्रह प्रकाशन गर्ने कार्य भइरहेको छ।

ण) विज्ञ डा. एकराज ओझाबाट तयार गरिएको न्यायिक र अर्धन्यायिक निकायहरूमा चलेका मुद्दाका पीडित, वादी वा प्रतिवादी रहेका व्यक्तिहरूको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्था पहिचान विषयको अध्ययन प्रतिवेदन प्राप्त भई आयोगको बैठकसमक्ष पेस गर्न बाँकी रहेको छ।

त) अर्धन्यायिक निकाय र न्यायाधिकरणले प्रदान गर्ने सेवामा पक्षहरूलाई लाग्ने खर्च, मुद्दाको कारवाहीका लागि लाग्ने समय तथा प्रक्रियागत जटिलतासम्बन्धमा पूर्व न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्कीबाट भएको अध्ययन प्रतिवेदन प्राप्त भएको छ। यस अध्ययन प्रतिवेदन आयोगको बैठकसमक्ष पेस गर्न बाँकी रहेको छ।

थ) अदालतको भौतिक अवस्था विश्लेषण गरी तिनीहरूलाई अपाङ्गता भएका व्यक्ति, नाबालक, गोपनीयता र सुरक्षा कायम गर्नु पर्ने व्यक्तिसमेतका लागि उपयुक्त संरचनाको विकास गर्न थप गर्नुपर्ने कार्यको पहिचान गर्ने बारेमा सह-रजिस्ट्रार श्री लालबहादुर कुँवरको संयोजकत्वमा अध्ययन समूह गठन भई संक्षिप्त प्रतिवेदन प्राप्त भएको छ।

द) न्यायमा पहुँचको सम्बन्धमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक अवरोधहरूको पहिचान लगायत न्यायमा पहुँचसँग सम्बन्धित विभिन्न विषयमा अध्ययन गर्ने निर्णय गरिएको भए तापनि विभिन्न कारणबाट समयमै यस विषयमा अध्ययन प्रस्ताव प्राप्त हुन सकेको छैन।

## ३.२ कार्ययोजना कार्यान्वयन समिति

आयोगबाट हुने अध्ययन अनुसन्धान तथा अन्य क्रियाकलापलाई व्यवस्थित गर्न न्यायमा पहुँच आयोगको मिति २०७३।०९।११ को निर्णयबाट सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको संयोजकत्वमा आयोगका सदस्य प्रा. डा. श्री कुमार इङनाम, सर्वोच्च अदालतका रजिस्ट्रार श्री नृपध्वज निरौला, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री डिल्लीराज घिमिरे, प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनाल र नेपाल बार

एशोसिएसनका उपाध्यक्ष श्री मोतिराज गौतम सदस्य रहेको कार्ययोजना कार्यान्वयन समिति गठन भएको हो। यस समितिले न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजनाको कार्यान्वयनमा आवश्यक समन्वय र अनुगमन गर्नुका साथै न्यायमा पहुँच आयोगको तर्फबाट गरिने अध्ययन अनुसन्धान कार्यलाई आवश्यक निर्देशन दिने गर्दछ।

यस समितिले कार्य समूहले बनाएको स्वेच्छिक निःशुल्क कानूनी सेवा (probono) सम्बन्धी निर्देशिकाको मस्यौदालाई नेपाल बार एसोसियसन पठाउने, आयोगको निर्णयबमोजिम न्यायमा पहुँच आयोगको संक्षिप्त जानकारी पुस्तिका, बालबालिकाको अधिकार, असमर्थ पक्ष तथा आर्थिक रुपले विपन्न नागरिकको, जातीय भेदभाव तथा छुवाछुत विरुद्धको, जेष्ठ नागरिकको, आदिवासी/ जनजातिको, देवानी र फौजदारी मुद्दामा महिलाको र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी संक्षिप्त जानकारीमूलक पुस्तिकालाई स्थानीय तहसम्म पुर्याउने र उल्लिखित पुस्तिकालाई अंग्रेजी, मैथिली तथा भोजपुरी भाषाका साथै केहीलाई ब्रेल लिपिमा समेत प्रकाशन गर्ने निर्णय भई कार्य प्रारम्भ समेत भइसकेको छ। उल्लिखित पुस्तिकाहरूलाई सर्वोच्च अदालतको वेभसाइटमा राखिएको छ।

## ३.३ अन्य बैठक

आयोगको सदस्य सचिवमा सर्वोच्च अदालतका रजिस्ट्रार रहने व्यवस्था छ। यही व्यवस्थाबमोजिम आयोगबाट सम्पदन हुने केही कार्यहरू रजिस्ट्रारज्यूको अध्यक्षतामा बसेका बैठकबाट भएका निर्णयबमोजिम सचिवालयले कार्यान्वयन गर्दै आएको छ। रजिष्ट्रारज्यूको अध्यक्षतामा बसेको बैठकमा कक्षा ९ र १० को पाठ्यक्रममा न्यायिक उपचार र प्रक्रियासम्बन्धी विषयवस्तु समावेश गर्न शिक्षा मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्रसँग छलफल तथा अन्तरक्रिया भएको थियो।

## ३.४ अन्तरक्रिया कार्यक्रमः-

**क)** सर्वोच्च अदालतको आयोजनामा सर्वोच्च अदालतमा **"न्यायिक सुशासन र न्यायको पहुँचमा अदालतको भूमिका"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। तत्कालीन पुनरावेदन अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री टंकबहादुर मोक्तानको अध्यक्षतामा सन्चालित यस कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की, विशेष अतिथि माननीय कानून मन्त्री श्री अजयशंकर नायक तथा कानून सचिव श्री टेकप्रसाद ढुङ्गाना, न्याय परिषद्का सचिव श्री कृष्ण गिरी र सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेल अतिथिको रुपमा रहनुभएको थियो। यस कार्यक्रममा तत्कालीन पुनरावेदन अदालतका रजिस्ट्रार, काभ्रेपलान्चोक, भक्तपुर, ललितपुर र काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला

न्यायाधीशहरू, स्रेस्तेदारहरू तथा तहसिलदारहरूसमेतको सहभागिता रहेको थियो। यस कार्यक्रममा सबै अदालतहरूले आ-आफ्नो अदालतले मुद्दा मामिलामा गरेका काम कारवाहीहरू र आ-आफ्नो वार्षिक कार्य योजनाका सम्बन्धमा प्रस्तुति गर्नुभएको थियो।

**ख) मुगु, जुम्ला र कालिकोटः** मिति २०७३।०७।०४ गते मुगु, २०७३।०७।०६ बिहान जुम्ला र सोही दिन साँझ कालिकोट जिल्लामा सर्वोच्च अदालतका मा.न्या.श्री गोविन्दकुमार उपाध्यायको प्रमुख आतिथ्यतामा उल्लिखित जिल्लामा न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा न्यायिक तथा अर्धन्यायिक निकायका प्रमुख तथा प्रतिनिधि, पत्रकार, कानून व्यवसायी र स्थानीय नागरिक समाजका सदस्यका बीचमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

**ग) झापाः** मिति २०७३।०७।३० गते मंगलबारका दिन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा **"महिलाको न्यायमा पहुँच र सरोकारवाला निकायबीचको समन्वय"** विषयक अन्तरक्रिया कार्यक्रम झापाको भद्रपुरमा सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश श्री तेजबहादुर के.सी., इलाम इजलासका माननीय न्यायाधीश श्री रमेश पोखरेल, धनकुटा इजलासका माननीय न्यायाधीश श्री प्रकाशचन्द्र गजुरेल, उच्च अदालत विराटनगरका रजिस्ट्रार, धनकुटा इजलासका रजिस्ट्रार, इलाम इजलासका रजिस्ट्रारका साथै झापा जिल्ला अदालतका माननीय न्यायाधीशहरू, स्रेस्तेदार, तहशिलदार, वैतनिक कानून व्यवसायी, मोरङ/सुनसरी/इलाम/धनकुटा जिल्ला अदालतका माननीय न्यायाधीश, वैतिनक कानून व्यवसायी एवम् झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायधिवक्ता, स्थानीय विकास अधिकारी, प्रहरी नायब उपरिक्षक, महिला विकास अधिकृत, प्रमुख मालपोत अधिकृत, कारागार प्रमुख, जिल्ला बन अधिकृत, नापी अधिकृत लगायत नागरिक समाजका प्रतिनिधिहरु र सुनसरी/मोरङ जिल्ला अदालतका बैतनिक कानून व्यवसायीहरू, महिला विकास कार्यालयका प्रमुखहरू, मोरङ/सुनसरी/इलाम जिल्ला अदालतमा कार्यरत न्याय सेवाका महिला अधिकृत कर्मचारीहरू समेतको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा महिलाको न्यायमा पहुँच र यस सम्बन्धी व्यवस्थाहरु विषयक कार्यपत्र प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनाल, महिलाको न्यायमा पहुँचका सन्दर्भमा जिल्ला अदालतबाट प्रदान गरिएका सेवाहरू, समस्या र चुनौतीहरू विषयक कार्यपत्र माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डे र महिलाको न्यायमा पहुँच, प्रदान गरिएका सेवाहरू, समस्या र चुनौतीहरू विषयक कार्यपत्र प्रमुख महिला विकास अधिकृत श्री इन्दिरा ओझाले प्रस्तुत

गर्नुभएको थियो। उक्त कार्यपत्रहरूमाथि छलफल गरी सहभागीहरूले सुझाव दिनुभएको थियो।

**घ) बीरगन्जः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यता र सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेलको उपस्थितिमा पर्सा जिल्लाको बीरगन्जमा मिति २०७३।०८।२५ गते **"सेवाग्राहीसँग गरिने व्यवहार सम्बन्धमा"** जानकारी गराउने उद्देश्यले छलफल कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत जनकपुरका माननीय मुख्य न्यायाधीश, उच्च अदालत जनकपुर अस्थायी इजलास विरगन्जका माननीय न्यायाधीशहरू, मध्यमाञ्चल क्षेत्रीय प्रशासक, बारा, पर्सा र रौतहटमा कार्यरत माननीय जिल्ला न्यायाधीश तथा कर्मचारीहरूबीच अन्तरक्रिया कार्यक्रम भएको थियो। उक्त कार्यक्रममा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री विपुल न्यौपानेले न्यायमा पहुँच आयोगको गतिविधि, प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनाले महिलाको न्यायमा पहुँच र यससम्बन्धी व्यवस्थाहरु र पर्सा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री विष्णु सुवेदीले महिलाको न्यायमा पहुँचको सन्दर्भमा अदालत तथा सरोकारवाला निकायहरूबाट प्रदान गरिएका सेवाहरू, समस्या र चुनौतीहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यपत्रमाथि छलफल गरी सहभागीहरूले सुझाव दिनुभएको थियो।

**ङ) पोखराः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल तथा सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेलको उपस्थितिमा कास्कीको पोखरामा मिति २०७३।०९।०२ गते **"न्यायमा महिलाको पहुँच र सरोकारवाला निकायबीचको समन्वय विषयक"** छलफल कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रममा उच्च अदालत पोखरा तथा कास्की जिल्ला अदालतका माननीय न्यायाधीशहरू, क्षेत्रीय प्रशासन, प्राध्यापक, कानून व्यवसायीहरू, पत्रकार, जिल्ला न्यायाधिवक्ता र स्थानीय नागरिक समाजका सदस्यका बीचमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो। उक्त कार्यक्रममा उच्च अदालत पोखराका माननीय न्यायधीश श्री तिलप्रसाद श्रेष्ठले न्यायमा पहुँच अभिवृद्धिका लागि न्यायमा पहुँच आयोगको भुमिका, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लले न्यायमा महिलाको पहुँचका सम्बन्धमा देखिएका चुनौतिहरू र कास्की जिल्ला अदालतका माननीय न्यायाधीश श्री शेखरप्रसाद पौडेलले न्यायमा महिलाको पहुँचका सन्दर्भमा अदालत तथा सरोकारवाला निकायहरूबाट प्रदान गरिएका सेवाहरू, समस्या, चुनौती र समाधानका उपायहरु चुनौतीहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यपत्रमाथि छलफल गरी सहभागीहरूले सुझाव दिनुभएको थियो।

च) **सुर्खेतः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, न्याय परिषद्का माननीय सदस्य पदमप्रसाद बैदिक तथा सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेलको उपस्थितिमा सुर्खेत जिल्लाको वीरेन्द्रनगरमा मिति २०७३।०९।१५ गते सेवाग्राहीसँग गरिने व्यवहार सम्बन्धमा जानकारी गराउने उद्देश्यले छलफल कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत सुर्खेत, उच्च अदालत सुर्खेत जुम्ला इजलास, मातहत जिल्ला अदालतका सबै जिल्ला अदालतका माननीय न्यायाधीशहरू, रजिस्ट्रार, स्रेस्तेदार, तहसिलदार, सहन्यायाधिवक्ता, महिला विकास अधिकृतलगायत सरोकारवाला तथा स्थानीय नागरिक समाजका सदस्यका बीचमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो।

छ) **महेन्द्रनगरः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, न्याय परिषद्का माननीय सदस्य पदमप्रसाद बैदिक र सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीकान्त पौडेलको उपस्थितिमा महेन्द्रनगरको कञ्चनपुरमा मिति २०७३।०९।१६ गते सेवाग्राहीसँग गरिने व्यवहार सम्बन्धमा जानकारी गराउने उद्देश्यले छलफल कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा उच्च अदालत सुर्खेत जुम्ला इजलास, उच्च अदालत दिपायल महेन्द्रनगर इजलास र मातहतका जिल्ला अदालतका माननीय न्यायाधीशहरू, रजिस्ट्रार, स्रेस्तेदार, तहसिलदार, सहन्यायाधिवक्ता, महिला विकास अधिकृतलगायत सरोकारवाला तथा स्थानीय नागरिक समाजका सदस्यका बीचमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो।

ज) **धादिङः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री टंकवहादुर मोक्तान र सर्वोच्च अदालतका रजिस्ट्रार श्री नृपध्वज निरौलाको उपस्थितिमा मिति २०७३।११।२६ गते धादिङ जिल्ला अदालतको भवन शिलान्यासपश्चात् **"न्यायमा पहुँचका सम्बन्धमा स्थानीय तहमा देखिएका समस्या र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम"** सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत पाटनका रजिस्ट्रार श्री नारायणप्रासद पन्थी, धादिङ जिल्ला अदालतका माननीय न्यायाधीश श्री भरत लम्साल, प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधिवक्ता, स्थानीय विकास अधिकारी, प्रहरी नायब उपरीक्षक, स्रेस्तेदार, वैतनिक कानून व्यवसायी, महिला विकास अधिकृत, प्रमुख मालपोत अधिकृत, कारागार प्रमुख, कानून व्यवसायीहरू र नगरिक समाजका प्रतिनिधिहरूसमेत गरी ३८ जनाको सहभागिता रहेको छ। उक्त कार्यक्रममा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री

लालबहादुर कुँबरले न्यायमा पहुँचको अवधारणा र विद्यमान अवस्था, प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनालले न्यायमा पहुँच आयोगको गतिविधि र धादिङ जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री भरत लम्सालले न्यायमा पहुँच सम्बन्धमा स्थानीय तहमा देखिएका समस्या, चुनौती र समाधानका उपायहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यपत्रमाथि छलफल गरी सहभागीहरूले सुझाव दिनुभएको थियो।

**झ) विराटनगरः** सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा मिति २०७४।०२।१९ गते **"न्यायमा पहुँच र सरोकारवाला निकायबीचको समन्वय विषयक अन्तरक्रिया"** कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत विराटनगरका माननीय न्यायाधीशहरू तथा रजिस्ट्रार, मोरङ जिल्ला अदालतका माननीय न्यायाधीशहरू, प्रमुख जिल्ला अधिकारी, सहन्यायाधिवक्ता, स्थानीय विकास अधिकारी, जिल्ला न्यायाधिवक्ता, प्रहरी नायब उपरीक्षक, स्रेस्तेदार, वैतनिक कानून व्यवसायी, महिला विकास अधिकृत, प्रमुख मालपोत अधिकृत, कारागार प्रमुख, नागरिक समाजका प्रतिनिधिहरू, अदालतमा कार्यरत कर्मचारीहरूसमेत ६१ जनाको सहभागिता रहेको छ। उक्त कार्यक्रममा काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश डा. रमेश रिजालले न्यायमा पहुँचको अवधारणा र विद्यमान अवस्था, प्रशासकीय अदालतका रजिस्ट्रार श्री ममता खनालले न्यायमा पहुँच आयोगको गतिविधि र उच्च अदालत विराटनगरका माननीय न्यायाधिश श्री कुमारप्रसाद पोखरेलले न्यायमा पहुँच सम्बन्धमा स्थानीय तहमा देखिएका समस्या, चुनौति र समाधानका उपायहरु र सरोकारवाला निकायहरूबीचको समन्वय विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यपत्रमाथि छलफल गरी सहभागीहरूले सुझाव दिनुभएको थियो।

## ३.५ कर्मचारीले सेवाग्राहीसँग गरिनुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम

आयोगले सेवाग्राहीलाई केन्द्रविन्दुमा राखी सेवा प्रदायक निकायबाट काम कारवाही गरिनु पर्छ भन्ने कुरामा सदैव जोड दिँदै आएको छ। सेवाग्राहीहरू सेवा पाउनका लागि अदालतमा आउँदा सर्वप्रथम कर्मचारीसँग नै उनीहरूको सम्पर्क हुन्छ। अदालतको जनआस्थालाई बढाउने प्रारम्भिक चरण भनेकै कर्मचारीको कार्यशैली र व्यवहार हो। कर्मचारीको कार्यशैलीकै आधारमा संस्थाप्रति जनताको विश्वास बढ्ने र घट्ने गर्दछ। सेवाग्राहीको विश्वास जित्न सकेमा जनआस्थामा वृद्धि हुन्छ। यसैले सेवाग्राहीसँग कसरी व्यवहार गर्ने भन्ने सम्बन्धमा न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी आ.व. २०७३/७४ मा आयोगबाट निम्न लिखित प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा सकारात्मक सोच,

व्यवसायीक अनुशासन, प्रभावकारी सञ्चार र सेवाग्राहीसँग गर्नुपर्ने व्यवहार लगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो।

**क) भक्तपुरः-** सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा भक्तपुर जिल्लामा रहेका न्यायिक निकाय (जिल्ला अदालत) र अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी २०७३ साल भाद्र ३० गते एकदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा भक्तपुर जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय भक्तपुर, मालपोत कार्यालय भक्तपुर, भूमिसुधार कार्यालय भक्तपुर र जिल्ला वन कार्यालय भक्तपुरमा कार्यरत राजपत्र अनंकित कर्मचारीहरूको सहभागिता रहेको थियो।

**ख) बाग्लुङः-** सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा बाग्लुङ जिल्लामा रहेका न्यायिक निकाय (उच्च अदालत पोखरा बाग्लुङ इजलास र मुस्ताङ, बाग्लुङ, म्याग्दी र पर्वत जिल्ला अदालत), अर्धन्यायिक निकायहरू (जिल्ला प्रशासन कार्यालय पर्वत, वाग्लुङ, म्याग्दी, मालपोत कार्यालय पर्वत, बागलुङ र म्याग्दी) र उच्च सरकारी वकिल कार्यालय बाग्लुङ एवं जिल्ला सरकारी वकिल कार्यालय पर्वत, बाग्लुङ र म्याग्दीमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी २०७३ साल असोज ८ गते एकदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा ४८ जना कर्मचारीहरू सहभागी भएका थिए।

**ग) डडेल्धुराः-** सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दिपकराज जोशीको प्रमुख आतिथ्तामा डडेलधुरामा मिति २०७३।१२।२२ गते सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा डडेल्धुरा जिल्लामा रहेका न्यायिक निकाय (जिल्ला अदालत) र अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी एकदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो।

**घ) पोखराः-**सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री गोपाल पराजुलीको प्रमुख आतिथ्यतामा कास्की जिल्लाको पोखरामा मिति २०७४।१।८ गते न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरूलाई सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा एकदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा उच्च अदालत पोखरा, कास्की जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय कास्की, उच्च सरकारी वकिल कार्यालय पोखरा, जिल्ला सरकारी वकिल कार्यालय कास्की, पोखरा-लेखनाथ महानगरपालिका, राजश्व न्यायाधिकरण पोखरा, जिल्ला वन कार्यालय र मालपोत कार्यालय कास्कीमा कार्यरत ४७ जना कर्मचारीहरू सहभागी भएका थिए।

**ङ) रुपन्देहीः-** सेवाग्राहीसँग गरिने व्यवहारका सम्बन्धमा रुपन्देही जिल्लामा रहेका न्यायिक निकाय (जिल्ला अदालत), अर्धन्यायिक निकाय (जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय, मालपोत कार्यालय, सिद्धार्थनगर नगरपालिका), जिल्ला प्रहरी कार्यालय रुपन्देही र जिल्ला सरकारी वकिल कार्यालय रुपन्देही कार्यरत कर्मचारीहरूलाई लक्षित गरी २०७४ साल वैशाख १६ गते एकदिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। यस कार्यक्रममा ५६ जना कर्मचारीहरू सहभागी भएका थिए।

## ३.६ दोभाषेहरूको अभिलेख राखिएकोः

आयोगको कार्ययोजनाबमोजिम नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीहरूलाई दोभाषे सेवा उपलब्ध गराउनको लागि मातहत हरेक अदालतमा अभिलेख राखिएको छ।

## ३.७ पीडित मैत्रीकक्षको स्थापनाः

आयोगको वार्षिक कार्यक्रममा पीडित मैत्रीकक्ष स्थापना गर्ने कार्यक्रम रहे बमोजिम झापा जिल्ला अदालत, मोरङ जिल्ला अदालत, धनुषा जिल्ला अदालत, काठमाडौं जिल्ला अदालत, चितवन जिल्ला अदालत, तनहुँ जिल्ला अदालत, रूपन्देही जिल्ला अदालत, सुर्खेत जिल्ला अदालत र कैलाली जिल्ला अदालतमा पीडित मैत्रीकक्ष स्थापना गरी सो कक्षलाई इजलाससँग आबद्ध गर्ने कार्य भइरहेको छ।

## ३.८ विविधः

आयोगको आ.व. २०७३/०७४ को वार्षिक कार्ययोजना बमोजिम आयोगबाट आ.व. २०७३/७४ मा निम्न क्रियाकलापहरू पनि सम्पन्न भएका छन्:-

**क)** न्यायमा पहुँच आयोगको आ.व. २०७३/०७४ को वार्षिक कार्ययोजनाबमोजिम लक्षित वर्गका अधिकार सम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरूको संकलन गरी प्रकाशन गर्ने प्रयोजनका लागि सुझाव संकलन गर्ने उद्धेश्यले सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको समुपस्थितिमा सर्वोच्च अदालतको सभाकक्षमा मिति २०७३।११।२४ गते सार्वजनिक सरोकारका विवादमा बढी संलग्न हुनुभएका कानून व्यवसायीहरूका बीचमा छलफल सम्पन्न भएको थियो।

**ख)** लक्षित वर्गको लागि स्वेच्छिक निःशुल्क कानूनी सेवासम्बन्धी निर्देशिका तयार गर्न गठित कार्यसमूहलाई पृष्ठपोषण र सुझाव दिने उद्देश्यले मिति २०७३।१२।२५ र २६ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेलको प्रमुख आतिथ्यतामा धुलिखेलमा नेपाल बार एसोसिएसन र उपत्यका तथा काभ्रेपलान्चोक जिल्लामा रहेका बारका अध्यक्ष र सचिव समेतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। यस

कार्यक्रममा नेपाल बारका अध्यक्षका साथै २५ जना बारका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

**ग)** मिति २०७४।३।२ गते अनलाइन समाचार पत्रिका रातोपाटीमा सर्वोच्चको मुद्दा लड्न ७५ वर्षिया सुनमती वृद्धभत्ता बोकेर धनगढी–काठमाडौं धाउँदै भन्ने शीर्षकमा प्रकाशित भएको समाचारप्रति आयोगको ध्यानाकर्षण भई सो विषयमा के भएको रहेछ भनी समाचार प्रकाशन गर्ने रातोपाटीका पत्रकार र सुनमतीसँग सोसम्बन्धमा छलफल गर्दा अदालतको आदेशबमोजिम मालपोत कार्यालय बझाङबाट दर्ता स्रेस्ता उतार नआएको कारण मुद्दा पेसीमा जान नसकेको अवस्था रहेको देखिई मालपोत कार्यालय बझाङबाट शीघ्र दर्ता स्रेस्ता उतार उपलब्ध गराउन गरिएको अनुरोधबमोजिम दर्ता उतार प्राप्त भई मुद्दा पेसीमा चढ्ने अवस्था भएको छ।

**घ)** आ.व.२०७३/०७४ को वार्षिक कार्ययोजना तथा आयोगको निर्णयबमोजिम निम्न पुस्तिकाहरूको छपाई कार्य सम्पन्न भई वितरण गरिदै आएको छ -

१. न्यायमा पहुँच आयोगको संक्षिप्त जानकारी पुस्तिका,

२. बालबालिकाको अधिकारसम्बन्धी जानकारी पुस्तिका,

३. असमर्थ पक्ष तथा आर्थिक रूपले विपन्न नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका,

४. जातीय भेदभाव तथा छुवाछुत विरूद्धको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका,

५. जेष्ठ नागरिकको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका,

६. आदिवासी जनजातिको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका,

७. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी पुस्तिका,

८. देवानी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका र

९. फौजदारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका।

आ.व. २०७३/०७४ मा उल्लेखित पुस्तिकाहरू ५,९०० प्रतिका दरले छपाई गरी उच्च अदालत/इजलास तथा जिल्ला अदालतहरूमा १००/१०० प्रतिका दरले बितरण गरिएको छ। यस कार्यलाई चालु आ.व.मा पनि निरन्तरता दिई सम्पूर्ण अदालत, न्यायाधिकरण, स्थानीय निकाय, कलेज तथा विद्यालयमा समेत वितरणको ब्यवस्था मिलाइने छ।

# भाग दुई

## न्यायमा पहुँच आयोगको आ.व. २०७४/०७५ को वार्षिक कार्ययोजना

## परिच्छेद-एक

न्यायमा सबै नागरिकहरूलाई सहज पहुँच पुऱ्याउने उद्धेश्यले न्यायमा पहुँच आयोगको गठन भई विगत २ वर्षदेखि आफ्नो वार्षिक कार्ययोजना बनाई कार्ययोजना अनुरुपका क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ। स्थापनाको पहिलो वर्षमा आयोगको संरचना तयार भई आयोगको पहिलो वार्षिक कार्य योजना बनेको थियो। दोस्रो वर्षमा पनि आयोगको प्रथम वर्षमा गरेका क्रियाकलापहरूको समिक्षा गर्नुका साथै कार्ययोजनाको निर्माण गरेको थियो। विगतका वर्षमा झै यस वर्षपनि आयोगले आफ्नो वार्षिक कार्ययोजना तयार गरेको छ। वार्षिक कार्ययोजना तयार गर्ने सन्दर्भमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिएको थियो। यस कार्ययोजनामा आयोगले आ.व. २०७३/०७४ मा गरेका विभिन्न क्रियाकलापहरूको समिक्षा गरी आगामी आ.व. २०७४/०७५ मा गर्नुपर्ने क्रियाकलापहरू समावेश गरिएको छ।

### १.१ आयोगको वार्षिक कार्ययोजना तर्जुमा प्रक्रियाः

#### क) कार्ययोजना तर्जुमा कार्यसमूहको गठन

न्यायमा पहुँच आयोगले तेस्रो वर्षमा प्रवेश गरिरहेकै अवस्थामा विगतका कार्यहरूको समीक्षा गर्दै चालु आ.व.२०७४/०७५ मा आयोगले गर्ने कार्यक्रम तथा क्रियाकलापको पहिचान गरी वार्षिक कार्ययोजनासहितको प्रतिवेदन आयोगसमक्ष पेस गर्न मिति २०७४।२।९ को आयोगको बैठकबाट देहायबमोजिमको पाँच सदस्यीय कार्यसमूहको गठन भएको थियो -

| | |
|---|---|
| न्यायमा पहुँच आयोगका सदस्य प्रा.डा. कुमार इङनाम | - संयोजक |
| सह-सचिव श्री डिल्लीराज घिमिरे, प्रतिनिधि, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| सह-न्यायाधिवक्ता श्री लोकराज पराजुली, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री ममता खनाल, प्रशासकीय अदालत | - सदस्य |
| उपाध्यक्ष श्री मोतिराज गौतम, प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |

#### ख) कार्यसमूहले कार्ययोजना तर्जुमाको सन्दर्भमा गरेको अध्ययन

कार्यसमूहले कार्ययोजना तर्जुमा गर्दा देहायबमोजिमको अध्ययन र अन्तरक्रिया गरेको थियोः

- नेपालमा न्यायमा पहुँचसम्बन्धी प्रमुख संवैधानिक तथा कानूनी व्यवस्था,

- चौधौं योजना (आर्थिक वर्ष २०७३/०७४—२०७५/०७६),
- न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाहरू,
- न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१-०७६) मध्यावधि मुल्याङ्कन प्रतिवेदन,
- न्यायमा पहुँच सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र आदेशहरू,
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन हुने न्यायमा पहुँच कार्यक्रम,
- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले लिएका न्यायमा पहुँचसम्बन्धी कार्यक्रम,
- अपराध सम्बन्धी बेसलाइन सर्वेक्षण प्रतिवेदन २०७२,
- न्यायमा पहुँचसम्बन्धमा भएका अनुसन्धानात्मक तथा सान्दर्भिक सामग्री,
- न्यायमा पहुँच आयोगको आ.व.२०७२/०७३ र आ.व. २०७३/०७४ को वार्षिक कार्ययोजना,
- न्यायमा पहुँचसम्बन्धमा विभिन्न मुलुकमा रहेका व्यवस्था र अभ्यासहरूको अनलाइन अध्ययन।

### ग) परामर्श तथा सुझाव सङ्कलन

सम्माननीय प्रधान न्यायाधीशसहित सर्वोच्च अदालतका सम्पूर्ण माननीय न्यायाधीशहरू, उच्च अदालतका माननीय मुख्य न्यायाधीशहरू/ विभिन्न सरकारी निकायहरू/ न्याय र कानूनको क्षेत्रमा कार्यरत संघ-संस्थाहरूका बीचमा न्यायमा पहुँच आयोगको आ.व. २०७४/०७५ को वार्षिक कार्ययोजनामा समावेश गर्नुपर्ने क्रियाकलापका सम्बन्धमा छलफल गरी सुझाव संकलन गरिएको थियो।

### घ) वेवसाइटको उपयोग

अध्ययनको कार्यलाई अझ प्रभावकारी बनाउन विभिन्न मुलुकका न्यायमा पहुँचसम्बन्धी व्यवस्था एवं अभ्यासबारे जानकारी लिइएको छ। नेपाल सरकारका नीति र कार्यक्रमसम्बन्धी सूचना सङ्कलन गर्न वेवसाइटको बढी उपयोग गरिएको छ।

## १.२ वार्षिक कार्ययोजनाको ढाँचा

यस कार्ययोजनालाई **न्यायमा पहुँच आयोगबाट सम्पादित क्रियाकलापको समीक्षा तथा वार्षिक कार्ययोजना (२०७४/०७५)** नामकरण गरिएको छ। आयोगको वार्षिक कार्ययोजनालाई २ भागमा विभाजन गरिएको छ। पहिलो भागमा ३ वटा परिच्छेदहरू रहेका छन्। परिच्छेद १ मा सामान्य परिचय राखिएको छ भने परिच्छेद २ मा न्यायमा पहुँचका सम्बन्धमा अवलम्बन गरिएका कार्यक्रमको जानकारी उल्लेख गरिएको छ। परिच्छेद ३ मा न्यायमा पहुँच आयोगका गतिविधिहरू उल्लेख गरिएको छ। प्रस्तुत कार्ययोजनाको भाग २ मूल भाग हो। यस भागमा दुई वटा परिच्छेद र केही अनुसूचीहरू रहेका छन्।

## १.३ कार्ययोजनाले लिएका लक्ष्यहरू-

न्यायमा पहुँच आयोगले प्राप्त कार्यादेशका आधारमा आ.व. २०७४/०७५ मा देहायबमोजिमका लक्ष्यहरू निर्धारण गरी आफ्ना क्रियाकलापहरू सञ्चालन गर्नेछ।

१. न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण,

२. न्यायमा पहुँचका अवरोधक तत्त्वहरूको पहिचान र सम्बोधन,

३. लक्षित वर्गका व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि एवं सशक्तीकरणका लागि कानूनी आधारको विकास,

४. न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास, र

५. न्यायमा पहुँच अभिवृद्धिका लागि समन्वय र सहजीकरण।

# परिच्छेद दुई

# न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना

## २.१ लक्ष्य १: न्यायमा पहुँच आयोगको संस्थागत सुदृढीकरण

| कार्यक्रम १.१- न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी संरचनाको विकास गर्ने | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय/पदाधिकारी | कार्य सम्पादन सूचक | कार्य सम्पन्न हुने समय |
| १ | आयोगको कार्यदिशलाई दृष्टिगत गरी आयोगको संरचनागत सुदृढीकरणका लागि विकास गर्नु पर्ने कानूनी संरचनाका सम्बन्धमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत | अध्ययन प्रतिवेदन | २०७४ कार्तिक |
| २ | सर्वोच्च अदालत नियमावलीमा न्यायमा पहुँच आयोगसम्बन्धी आवश्यक व्यवस्था गर्न समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत | नियमावलीमा संशोधन | २०७४ भदौ |
| **कार्यक्रम १.२ आयोगको क्षमता विकास तथा व्यवस्थापन गर्ने** | | | | | |
| १ | आयोगको सचिवालयलाई आवश्यक पर्ने स्रोत साधनको ब्यवस्थापन गर्ने | आयोग | मुख्य रजिस्ट्रार | निर्णय | २०७४ भदौ |
| २ | आयोगको वार्षिक कार्ययोजनाले लक्षित गरेका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने | आयोग | सर्वोच्च अदालत | बजेट प्राप्ति | २०७४ साउन |
| ३ | आयोगको सचिवालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि स्वदेशी तथा विदेश तालिम, इन्टर्नसिपको व्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत | निर्णय | निरन्तर |
| ४ | न्यायमा पहुँचको सम्बन्धमा अन्य मुलुकमा अपनाइएका अभ्यासको अध्ययन तथा अवलोकन गर्ने | आयोग | सर्वोच्च अदालत | अध्ययन अवलोकन भ्रमण | २०७५ असार |
| ५ | आयोगका गतिविधिहरू समेटिएको बुलेटिन प्रकाशन गर्ने | आयोग | सर्वोच्च अदालत | बुलेटिन प्रकाशन | २०७४ पुष र २०७५ असार |

## २.२ लक्ष्य २: न्यायमा पहुँचका अवरोधक तत्त्वहरूको पहिचान र सम्वोधन

| कार्यक्रम २.१:न्यायको पहुँचमा रहेका अवरोधक तत्त्वहरूको पहिचान र सम्बोधन गर्ने | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यसम्पादन सूचक | कार्यसम्पन्न हुने समय |
| १ | न्यायमा पहुँचको अवस्थासम्बन्धमा Baseline Survey को सोचपत्रका आधारमा Baseline Survey सम्बन्धी कार्य अघि बढाउने | आयोग | सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (कानून मन्त्रालय), राष्ट्रिय न्यायिक प्रतिष्ठान | अध्ययन प्रतिवेदन | २०७४ माघ |
| २ | लक्षित वर्गको हक अधिकारको प्रवर्द्धन र संरक्षणसँग सम्बन्धित फैसला, निर्देशनात्मक आदेशको कार्यान्वयनको स्थितिको अध्ययन गरी तिनको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, गृह मन्त्रालय | प्रतिवेदन | २०७४ पुस |
| ३ | कर्णाली अञ्चलमा न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत | अध्ययन प्रतिवेदन | २०७५ जेठ |
| ४ | न्यायको पहुँचमा देखिएका सामाजिक, सांस्कृतिक तथा पारिवारिक अवरोधक तत्त्वहरू पहिचान गर्न अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (महिला मन्त्रालय) | निर्णय/ अध्ययन प्रतिवेदन | २०७४ चैत |
| ५ | फौजदारी मुद्दामा सर्वश्व जायजात गरेको सम्पत्ति पीडितलाई भराउने बारेमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय (म.न्या.का.) | निर्णय | २०७४ मंसिर |
| ६ | जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन, फैसला र फैसला कार्यान्वयनको स्थितिसम्बन्धमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., प्रहरी प्रधान कार्यालय | अध्ययन प्रतिवेदन | २०७४ चैत |
| ७ | फौजदारी मुद्दामा साक्षीबाट भएका प्रतिकूल बकपत्र (Hostilewitness) को कारणका सम्बन्धमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, म.न्या.का. | अध्ययन प्रतिवेदन | २०७४ फागुन |
| ८ | पारिवारिक अदालत (Family Court), द्रुत अदालत (Fast Track Court) स्थापनाका सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७४ चैत |
| ९ | अदालतमा बुझाउनु पर्ने कोर्ट फी दस्तुर आदिको पुनरावलोकन गर्न अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७४ चैत |
| १० | मुद्दामा जित्ने पक्षलाई खर्च भराउने सम्बन्धमा कोर्ट फी ऐन, २०१७ को प्रभावकारिताको बारेमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७४ माघ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | साना प्रकृतिको मुद्दामा माग भएको धरौटी तिर्न नसकी थुनामा बसेका व्यक्तिको हकमा कारागार ऐन २०१९ को दफा १०क मा भएको कसूरदारलाई सामुदायिक सेवामा पठाउन सकिने प्रावधानलाई विस्तार गर्ने सम्बन्धमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७४ फागुन |
| १२ | विज्ञ/परामर्शदाताहरूबाट प्राप्त भएका अध्ययन प्रतिवेदनहरू अध्ययन गरी कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का. | समन्वय बैठक/ पत्राचार | निरन्तर |

## २.३ लक्ष्य ३: लक्षित वर्गका व्यक्तिहरूको न्यायमा पहुँच अभिवृद्धि एवं सशक्तीकरणका लागि कानूनी आधारको विकास

**कार्यक्रम ३.१ लक्षित वर्गका व्यक्तिको हक अधिकारसम्बन्धी शिक्षा सचेतनामूलक सामग्री प्रकाशन गर्ने**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यसम्पादन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | आयोगबाट तयार भएका लक्षित वर्गका अधिकारसम्बन्धी जानकारीमुलक पुस्तिकाहरू (leaflets) नेपाली, अङ्ग्रेजीलगायत अन्य स्थानीय भाषामा र केहीलाई ब्रेल लिपिमा प्रकाशन गरी वितरण गर्ने | आयोग | सर्वोच्च अदालत | छपाइ/ बितरण | २०७४ पुस |
| २ | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रशिक्षक तालिम पुस्तिका (Traning of trainers manual) परिमार्जन गर्ने | आयोग | सर्वोच्च अदालत | प्रशिक्षक तालिम पुस्तिका | आवश्यकता अनुसार |
| ३ | स्थानीय तहमा न्यायमा पहुँचको अवस्थाका सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | प्रतिवेदन | २०७५ असार |
| ४ | अदालती प्रक्रिया, कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका तयार पारी प्रकाशन र वितरणको व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | वितरण | २०७४ फागुन |
| ५ | स्वच्छ सुनुवाइसम्बन्धी पुस्तिका तयार गरी सबै तहका न्यायिक कार्यमा संलग्न जनशक्तिलाई उपलब्ध गराउन समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, म.न्या.का. | पुस्तिका प्रकाशन | २०७४ मंसिर |
| ६ | न्यायमा पहुँचसँग सम्बन्धित सर्वोच्च अदालतका फैसला तथा आदेशहरूको प्रकाशन गर्ने | आयोग | सर्वोच्च अदालत | प्रकाशन | २०७४ कार्तिक |

| | | | | | |
|---|---|---|---|---|---|
| **क्रियाकलाप नं. ३.२- लक्षित वर्गका हक अधिकारसम्बन्धी कानूनमा आवश्यक सुधारको लागि समन्वय तथा सहजीकरण गर्ने** | | | | | |
| १ | लक्षित वर्गका व्यक्तिहरूको हक, अधिकार संरक्षण गर्न कानूनमा गर्नुपर्ने सुधारका बारेमा अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय | अध्ययन प्रतिवेदन | २०७४ पुस |
| २ | लक्षित वर्गका व्यक्तिहरूको हक, अधिकार संरक्षण गर्न कानूनमा गर्नुपर्ने संशोधनका बारेमा अध्ययन प्रतिवेदनबाट प्राप्त सुझाव कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय | समन्वय | २०७४ फागुन |
| **क्रियाकलाप ३.३-लक्षित वर्गका व्यक्तिहरूका हक अधिकारबारे शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने** | | | | | |
| १ | लक्षित वर्गका अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न म्यानुअल बनाउने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय | म्यानुवल | २०७४ कार्तिक |
| २ | लक्षित वर्गका अधिकारबारे स्थानीय तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>नेपाल बार एसोसिएसन (ने.बा.ए) | प्रतिवेदन | २०७५ असारसम्म |
| ३ | कानून दिवसका दिन सबै अदालतले सरोकारवाला निकायहरूसँग समन्वय गरी लक्षित वर्गका व्यक्तिका लागि अदालतबाट दिइने सेवा तथा कानूनी सहायताबारेमा सचेतना कार्यक्रम सन्चालन गर्न सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>महिला मन्त्रालय,<br>म.न्या.का,<br>ने.बा.ए. | प्रतिवेदन | २०७५ वैशाख २६ |
| ४ | लक्षित वर्गका व्यक्तिहरूका अधिकारसम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन प्रसारण गर्न समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत,<br>सूचना तथा संचार मन्त्रालय | प्रसारण | निरन्तर |
| ५ | निःशुल्क कानूनी सहायतासम्बन्धमा सञ्चार माध्यमबाट सूचना सम्प्रेषणको व्यवस्थालाई सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>सूचना तथा संचार मन्त्रालय, | सूचनाको प्रसारण | निरन्तर |
| ६ | पीडितका अधिकारका बारेमा सबै अदालत, वार इकाइ र सरकारी वकिल कार्यालमा साइनपोस्ट राख्ने व्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत,<br>म.न्या. का.,<br>ने.बा. ए | साइनपोस्ट | २०७४ असोज |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कानूनी अभियान सञ्चालन सहजीकरण र समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने.बा.ए. | समन्वय बैठक | २०७४ मंसिर |
| **कार्यक्रम ३.४-अदालतमा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा उपलब्ध गराउने** | | | | | |
| १. | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा सेवा दिने तरिकाका बारेमा म्यानुअल तयार गर्ने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | प्रतिवेदन | २०७४ कार्तिक |
| २. | आफ्ना मुद्दामा आफैं प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूलाई अदालतमा गर्नु पर्ने ब्यवहारका सम्बन्धमा अदालतमा कार्यरत कर्मचारी र न्यायाधीशहरूलाई अभिमुखीकरणको ब्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत, राष्ट्रिय न्यायिक प्रतिष्ठान | प्रतिवेदन | २०७४ पुस |

## २.४ लक्ष्य ४: न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास

**कार्यक्रम ४.१: नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीका लागि अदालतमा अनुवादकको सेवा उपलब्ध गराउने**

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यसम्पादन सूचक | कार्यसम्पन्न हुने समय |
|---|---|---|---|---|---|
| १ | विभिन्न अदालतमा दोभाषे सेवा प्रदान गर्न सूचीकृत व्यक्तिहरूको विवरण निरन्तर रूपमा अध्यावधिक गर्ने | आयोग | सर्वोच्च अदालत | अनुवादक को सूची | निरन्तर |
| २ | अदालतमा साङ्केतिक भाषाको प्रयोगसम्बन्धी अध्ययन प्रतिवेदनका आधारमा निर्देशिका तयार गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय | निर्देशिका | २०७४ फागुन |
| ३ | साङ्केतिक भाषाविद्हरूको रोस्टर तयार गर्न सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत | सूचीकृत | २०७४ चैत |
| **कार्यक्रम ४.२ पीडित मैत्री कक्ष र पीडितका लागि मनोपरामर्श सेवा उपलब्ध गराउने** | | | | | |
| १ | मुद्दाको बढी चाप भएका अदालतमा पीडित मैत्री कक्ष/महिला मैत्रीकक्ष स्थापना गरी सो कक्षलाई इजलाससँग आवद्ध गर्ने कार्यलाई निरन्तरता दिने | आयोग | सर्वोच्च अदालत | कक्षको स्थापना | निरन्तर |
| २ | अपराध पीडितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला मन्त्रालय, | परामर्श सेवा | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | म.न्या.का. | | |
| **कार्यक्रम ४.३ निःशुल्क कानूनी सहायता सेवालाई प्रभावकारी बनाउने** | | | | | |
| १. | वैतनिक कानून व्यवसायीको सेवालाई अर्ध-न्यायिक निकायमा समेत विस्तार गरी वैतनिक कानून व्यवसायीको सेवा प्रवाहलाई प्रभावकारी बनाउन वैतनिक कानून व्यवसायीको नियुक्ति र सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७२ मा पुनरावलोकन गर्न समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>म.न्या.का.,<br>ने.बा.ए. | निर्णय | २०७४ कार्तिक |
| २. | नेपाल बार एसोसिएसन मार्फत स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) लाई संस्थागत गर्न सहजीकरण र समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>ने. बा. ए. | समन्वय बैठक, | निरन्तर |
| ३. | वैतनिक कानून व्यवसायीको नियुक्तिलाई समावेशी बनाउने र सेवाका सर्तसम्बन्धी निर्देशिका, २०७२ प्रभावकारी रूपमा लागू भए नभएको अनुगमन गर्ने | योजना कार्या न्वयन समिति | सर्वोच्च अदालत (अनुगमन तथा निरीक्षण महाशाखा),<br>ने.बा.ए. | अनुगमन प्रतिवेदन | निरन्तर |
| ४. | वैतनिक कानून व्यवसायीको सेवा, जिल्ला कानूनी सहायता समिति र अन्य गैरसरकारी संस्थाबाट उपलब्ध गराइएका निःशुल्क कानूनी सहायताको प्रभावकारिताको संयुक्त अनुगमन गर्ने | योजना कार्या न्वयन समिति | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>म.न्या.का,<br>ने.बा. ए. | अनुगमन प्रतिवेदन | निरन्तर |
| ५. | वैतनिक कानून व्यवसायीहरू र जिल्ला कानूनी सहायता समितिमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सन्चालन गर्ने | आयोग | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>ने.बा.ए. | प्रतिवेदन | २०७५ जेठ |
| ६. | निःशुल्क कानूनी सहायताका बारेमा जानकारी मूलक सामग्रीहरू स्थानीय तह र जनसम्पर्क हुने कार्यालयहरू मार्फत वितरणको व्यवस्था मिलाउने | सचिवा लय | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>म.न्या.का.,<br>ने.बा.ए. | पत्राचार | निरन्तर |
| ७. | निःशुल्क कानूनी सहायतालाई एकीकृत र प्रभावकारी ढंगले सञ्चालन भएको सुनिश्चितता गर्न एकीकृत कानूनी सहायता नीति तर्जुमा गर्न समन्वय र सहजीकरण गर्ने | सचिवा लय | सर्वोच्च अदालत,<br>कानून मन्त्रालय,<br>म.न्या.का.,<br>ने.बा.ए. | प्रतिवेदन/ पत्राचार | २०७५ आसार |
| **कार्यक्रम ४.४ अदालतमा सेवाग्राहीमैत्री वातावरणको विकास गर्ने** | | | | | |
| १. | अदालत भवनलाई अपाङ्गतामैत्री बनाउन समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत | निर्माण | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| २. | प्रत्येक अदालतमा रहेको सोधपुछ तथा सहायता कक्षलाई प्रभावकारी सेवा प्रदान गर्न साधन स्रोत सम्पन्न बनाउने | आयोग | सर्वोच्च अदालत | साधन स्रोत सम्पन्न | निरन्तर |
| ३. | अदालत परिसरमा Free wifi सेवा उपलब्ध हुने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | Free Wifi स्थापना | २०७४ मंसिर |
| ४. | लक्षित वर्गका सेवाग्राहीहरूलाई अदालतको प्रवेशद्वारदेखि निजको काम सम्पन्न नभएसम्म सहजीकरण गरिदिने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | पत्राचार | निरन्तर |
| ५. | सामान्य प्रकृतिका निवेदनहरू भरिदिने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | पत्राचार | निरन्तर |
| ६. | एक घण्टाभित्र प्रदान गरिने सेवाहरूलाई सेवाग्राहीले सहजै देख्ने गरी राखिएका साइनपोस्टको अनुगमन गर्ने | आयोग | सर्वोच्च अदालत, मातहत अदालतहरू | अनुगमन | निरन्तर |
| ७. | अदालतका कर्मचारीले दिएको सेवाको गुणस्तरको बारेमा सेवाग्राहीको अभिमत संकलन गर्ने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत | अनुगमन प्रतिवेदन | निरन्तर |
| ८. | सेवाग्राहीको गुनासो सुनुवाइसम्बन्धी ब्यवस्था प्रभावकारी बनाउने | आयोग | सर्वोच्च अदालत | सुनुवाइ/ प्रतिवेदन | निरन्तर |
| ९. | बन्द इजलासको कार्यान्वयनको अवस्थाबारेमा अनुगमन गर्ने | आयोग | सर्वोच्च अदालत | अनुगमन प्रतिवेदन | निरन्तर |
| १०. | पीडित र बन्दीलाई फैसलाको प्रतिलिपि निःशुल्क उपलब्ध गराउने | आयोग | सर्वोच्च अदालत म.न्या.का., कारागार व्यवस्था विभाग | निर्णय/ परिपत्र | २०७४ असोज |
| ११. | अदालतमा सेवाग्राहीको लागि प्रतीक्षालयको व्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत (भौतिक शाखा) | निर्माण | निरन्तर |
| **कार्यक्रम ४.५ न्यायमा पहुँच अभिवृद्धिका लागि सूचना प्रविधिको विकास गर्ने** | | | | | |
| १. | लिखत तथा निवेदनहरूको अनलाईन दर्ता गर्ने पद्धतिसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने | आयोग | सर्वोच्च अदालत (सूचना प्रविधि महाशाखा) | अध्ययन प्रतिवेदन | २०७४ कार्तिक |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | उच्च अदालतका रजिस्ट्रार, जिल्ला अदालतका स्रेस्तेदार तथा वैतनिक कानून व्यवसायीको नाम र सम्पर्क नम्बरसहितको विवरण मोबाइलबाट प्राप्त गर्ने एप्लिकेसनलाई परिष्कृत गरी सरुवा वा नियुक्ति भएकै बखत स्वतः नाम र सम्पर्क नम्बर अध्यावधिक हुने व्यवस्था मिलाउने | आयोग | सर्वोच्च अदालत (सूचना प्रविधि महाशाखा) | प्रयोगमा आएको | २०७४ मंसिर |
| ३. | आयोगको वेबसाइट निर्माण गर्ने | आयोग | सर्वोच्च अदालत (सूचना प्रविधि महाशाखा) | निर्णय | २०७४ चैत |
| **कार्यक्रम ४.६ क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने** | | | | | |
| १. | लक्षित वर्गका व्यक्तिका हक, अधिकार तथा न्यायिक उपचारका विषयमा स्थानीय तहका पदाधिकारी, शिक्षक, प्रहरी, विद्यार्थी सामाजिक परिचालकहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७४ चैत |
| २. | अनौपचारिक तथा परम्परागत न्याय पद्धतिमा संलग्न व्यक्तिहरूलाई न्यायिक प्रक्रियासमेतका बारेमा अनुशिक्षण सञ्चालन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने.बा.ए. | प्रशिक्षण कार्यक्रम | २०७५ जेठ |
| ३. | न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा प्रशिक्षणको व्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, | प्रशिक्षण कार्यक्रम | २०७५ असार |
| ४. | विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि प्रशिक्षणको व्यवस्था गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७४ पुस |
| ५. | सोधपुक्ष तथा सहायता कक्षमा रहने र अन्य कर्मचारीलाई पीडितमैत्री/महिलामैत्री/बालमैत्री व्यवहारका साथै न्यायमा पहुँचका सम्बन्धमा जानकारी दिने उद्देश्यले प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, ने.बा.ए, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७४ पुस |
| ६. | स्थानीय तहका न्यायिक समितिका पदाधिकारीरूलाई न्यायिक कार्यविधिका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालनमा समन्वय र | योजना | सर्वोच्च अदालत, कानून मन्त्रालय, संघीय मामिला तथा | आयोगको निर्णय र प्रतिवेदन | २०७५ असार |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहजीकरण गर्ने | | स्थानीय विकास मन्त्रालय | | |
| ७. | लक्षित वर्गका व्यक्तिका अधिकारसम्बन्धी प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सन्चालन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, | प्रशिक्षण कार्यक्रम | २०७५ बैसाख |
| ८. | दोभाषे सेवा प्रदान गर्न सूचीकृत भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाउने | योजना | सर्वोच्च अदालत, प्रशिक्षण प्रदायक निकाय | प्रशिक्षण कार्यक्रम | २०७४ मंसिर |

## २.५ लक्ष्य ५: न्यायमा पहुँच अभिवृद्धिका सम्बन्धमा समन्वय र सहजीकरण

| कार्यक्रम ५.१ सरकारी निकायहरूसँग समन्वय र सहजीकरण गर्ने | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **कार्यसम्पादन सूचक** | **कार्यसम्पन्न हुने समय** |
| १. | न्यायमा पहुँचका सम्बन्धमा बिभिन्न मन्त्रालय, स्थानीय तह एवम् सरोकारवाला निकायका पदाधिकारीहरूसँग समन्वय/अन्तरक्रियागर्ने | आयोग | सर्वोच्च अदालत, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, महिला मन्त्रालय | समन्वय/ अन्तरक्रिया | निरन्तर |
| २. | अपराधबाट पीडित व्यक्तिहरूका लागि शारीरिक परीक्षण तथा तत्काल उपचार एवं मनोपरामर्श सेवा एकैस्थानबाट निःशुल्क उपलब्ध गराउने सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, केन्द्रिय न्याय क्षेत्र समन्वय समिति, महिला मन्त्रालय, म.न्या.का | समन्वय बैठक/ अन्तरक्रिया | २०७४ कार्तिक |
| ३. | विभिन्न जिल्लामा पीडित महिलाको संरक्षणका लागि सञ्चालित आवास गृह (safe house)लाई विस्तार गरी एकीकृत रुपमा प्रयोगमा ल्याउन समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, महिला मन्त्रालय, म.न्या.का. | समन्वय बैठक | निरन्तर |
| ४. | अपराध पीडित व्यक्तिलाई कानूनबमोजिम अदालतबाट दिलाउनु पर्ने क्षतिपूर्ति, तत्काल राहतका विषय, सरकारी साक्षीले पाउने सुविधा समयमै उपलब्ध भएको सुनिश्चित गर्न अनुगमन गर्ने | आयोग | सर्वोच्च अदालत, केन्द्रिय न्याय क्षेत्र समन्वय समिति, कानून मन्त्रालय, महिला मन्त्रालय, म.न्या.का., गृह मन्त्रालय | अनुगमन प्रतिवेदन | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | माध्यमिक विद्यालयको पाठ्यक्रममा कानूनसम्बन्धी विषय समावेश गर्न समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, शिक्षा मन्त्रालय | समन्वय बैठक | २०७४ पुस |
| ६. | सरकारवादी मुद्दाका साक्षीहरूको सुरक्षा, अदालतमा पेस भएका व्यक्तिगत सामान फिर्तालगायतका विषयमा महान्यायाधिवक्ताको कार्यालयलगायत सम्बद्ध निकायसँग समन्वय गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए | समन्वय बैठक | २०७४ मंसिर |
| ७. | मेलमिलापसम्बन्धी कार्यलाई न्यायमा पहुँचसँग आबद्ध गरी न्यायमा पहुँच अभिवृद्धिका लागि कार्यरत संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, म.न्या.का., ने.बा.ए, मेलमिलाप परिषद् | समन्वय बैठक | २०७५जेठ |
| **कार्यक्रम ५.२ कानून र न्यायको क्षेत्रमा कार्यरत संघसंस्थासँगको समन्वय र सहजीकरण गर्ने** | | | | | |
| १ | कानूनका विद्यार्थीहरूलाई न्याय सेवाप्रति आकर्षित गर्न इन्टर्न/अनुसन्धान सहयोगीको रुपमा परिचालन गर्न उनीहरूको न्यूनतम शैक्षिक योग्यता, कार्यहरूको सूची, उपलब्ध गराउन सकिने कागजको सूची, आचार संहिता, परिचालन गर्ने निकायको जिम्मेवारी, सुविधा लगायतका विषयवस्तु समेटिएको निर्देशिका बनाउने | आयोग | सर्वोच्च अदालत, कानून मन्त्रालय, विश्वविद्यालयहरू | कार्यसमुह गठन | २०७४ पुस |
| २ | विद्यालय, विश्वविद्यालयका विद्यार्थीलाई अदालतको अवलोकन गर्ने व्यवस्थाका लागि समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत, विश्वविद्यालयहरू | अभिलेख | २०७५ बैशाख |
| ३ | न्यायमा पहुँच अभिवृद्धिका क्षेत्रमा कार्यरत संस्थाहरूको सेवा परिचालनसम्बन्धी निर्देशिका बनाई सोही अनुरूप कार्य सञ्चालन गर्न समन्वय र सहजीकरण गर्ने | आयोग | सर्वोच्च अदालत, महिला मन्त्रालय, समाज कल्याण परिषद् | निर्णय/ समन्वय बैठक | २०७४ पुस |

## अनुसूची १

## न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७३/०७४ तर्जुमाका क्रममा गरिएका परामर्श तथा छलफल कार्यक्रमः

**(क) न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजनाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमका सहभागी महानुभावहरूको नामावलीः**

मितिः २०७४।०३।१२ र १३ स्थानः धुलिखेल

| सि.नं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | माननीय श्री ओमप्रकाश मिश्र | न्यायाधीश | सर्वोच्च अदालत |
| २. | माननीय डा. आनन्दमोहन भट्टराई | न्यायाधीश | सर्वोच्च अदालत |
| ३. | माननीय श्री सपना प्रधान मल्ल | न्यायाधीश | सर्वोच्च अदालत |
| ४. | माननीय श्री श्रीकान्त पौडेल | न्यायाधीश | उच्च अदालत पाटन |
| ५. | माननीय श्री टेकप्रसाद ढुङ्गाना | न्यायाधीश | उच्च अदालत पाटन |
| ६. | प्रा.डा. श्री कुमार इङनाम | सदस्य | न्यायमा पहुँच आयोग |
| ७. | डा. रामकृष्ण तिमल्सेना | कार्यकारी निर्देशक | नेशनल ल कलेज |
| ८. | श्री डिल्लीराज घिमिरे | सहसचिव | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ९. | श्री महेन्द्रनाथ उपाध्याय | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| १०. | श्री लोकराज पराजुली | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ११. | श्री कपिल अर्याल | सहप्राध्यापक | काठमाडौं स्कुल अफ ल |
| १२. | श्री लालबहादुर कुँवर | सहरजिस्ट्रार | सर्वोच्च अदालत |

| | | | |
|---|---|---|---|
| १३. | श्री विमल पौडेल | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| १४. | श्री ममता खनाल | रजिस्ट्रार | प्रशासकीय अदालत |
| १५. | माननीय श्री अवनी मैनाली भट्टराई | जिल्ला न्यायाधीश | काभ्रेपलाञ्चोक जिल्ला अदालत |
| १६. | माननीय श्री मेदिनीप्रसाद पौडेल | जिल्ला न्यायाधीश | काभ्रेपलाञ्चोक जिल्ला अदालत |
| १७. | माननीय श्री उमेश कोइराला | जिल्ला न्यायाधीश | काठमाडौं जिल्ला अदालत |
| १८. | माननीय श्री विदुर कोइराला | जिल्ला न्यायाधीश | भक्तपुर जिल्ला अदालत |
| १९. | माननीय श्री सूर्यप्रसाद पराजुली | जिल्ला न्यायाधीश | काठमाडौं जिल्ला अदालत |
| २०. | श्री नवीनकुमार जोशी | कानून अधिकृत | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २१. | श्री उषा मल्ल पाठक | उपाध्यक्ष | नेपाल बार एसोसिएसन |

**(ख) न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना तर्जुमासम्बन्धमा नेपाल सरकारका पदाधिकारीहरूसँग भएको छलफल कार्यक्रमका सहभागी महानुभावहरूको नामावलीः**

मितिः २०७४।०४।०५ स्थानः सर्वोच्च अदालत

| सि.नं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | प्रा.डा. कुमार इङनाम | सदस्य | न्यायमा पहुँच आयोग |
| २. | श्री नहकुल सुवेदी | मुख्यरजिस्ट्रार | सर्वोच्च अदालत |
| ३. | श्री महेन्द्रनाथ उपाध्याय | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ४. | श्री लालबहादुर कुँवर | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ५. | श्री विमल पौडेल | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ६. | श्री भद्रकाली पोखरेल | सहरजिस्ट्रार | सर्वोच्च अदालत |

| | | | |
|---|---|---|---|
| ७. | श्री ममता खनाल | रजिस्ट्रार | प्रशासकीय अदालत |
| ८. | श्री राधिका अर्याल | सह सचिव | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| ९. | श्री सलिम खाँन | सदस्य | राष्ट्रिय मुस्लिम आयोग |
| १०. | श्री टिकाबहादुर के.सी. | प्रहरी उपरीक्षक | प्रहरी प्रधान कार्यालय |
| ११. | श्री नवीनकुमार जोशी | कानून अधिकृत | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| १२. | श्री सम्झना शर्मा | प्रशासकीय अधिकृत | राष्ट्रिय मानव अधिकार आयोग |
| १३. | श्री रोजिना कोइराला | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |

**(ग) न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना तर्जुमाका क्रममा सामाजिक संस्थाहरूसँग सम्पन्न छलफल कार्यक्रममा सहभागी हुनुभएका महानुभावहरूको नामावली:**

मितिः २०७४।०४।०६ स्थानः सर्वोच्च अदालत

| सि.नं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | प्रा.डा. कुमार इङनाम | सदस्य | न्यायमा पहुँच आयोग |
| २. | श्री नहकुल सुवेदी | मुख्य रजिस्ट्रार | सर्वोच्च अदालत |
| ३. | श्री महेन्द्रनाथ उपाध्याय | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ४. | श्री लालबहादुर कुँवर | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ५. | श्री लोकराज पराजुली | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६. | श्री विमल पौडेल | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ७. | श्री भद्रकाली पोखरेल | सहरजिस्ट्रार | सर्वोच्च अदालत |
| ८. | श्री ममता खनाल | रजिस्ट्रार | प्रशासकीय अदालत |
| ९. | श्री मोतीराज गौतम | उपाध्यक्ष | नेपाल बार एशोसिएशन |

| | | | |
|---|---|---|---|
| १०. | श्री रामप्रसाद अर्याल | अधिवक्ता | सेलर्ड |
| ११. | श्री पुण्यशिला दवाडी | अधिवक्ता | ल्याक |
| १२. | श्री विमला खड्का | अधिवक्ता | FWLD |
| १३. | श्री लक्ष्मी न्यौपाने | कार्यक्रम संयोजक | NDWA |

**(घ) न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना तर्जुमाका क्रममा सर्वोच्च अदालत तथा मातहत उच्च अदालतहरूको वार्षिक समीक्षा कार्यक्रममा उपस्थित माननीय न्यायाधीशहरूसँग सुझाव सङ्कलन गर्ने प्रयोजनार्थ भएको छलफल सत्रमा सहभागी महानुभावहरूको नामावलीः**

मितिः २०७४।०४।११ स्थानः सर्वोच्च अदालत

| सि.नं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | सम्माननीय श्री गोपाल पराजुली | प्रधान न्यायाधीश | सर्वोच्च अदालत |
| २. | माननीय श्री दीपकराज जोशी | न्यायाधीश | सर्वोच्च अदालत |
| ३. | माननीय श्री ओमप्रकाश मिश्र | न्यायाधीश | सर्वोच्च अदालत |
| ४. | माननीय श्री चोलेन्द्रशमशेर ज.ब.रा. | न्यायाधीश | सर्वोच्च अदालत |
| ५. | माननीय श्री दीपककुमार कार्की | न्यायाधीश | सर्वोच्च अदालत |
| ६. | माननीय श्री केदारप्रसाद चालिसे | न्यायाधीश | सर्वोच्च अदालत |
| ७. | माननीय श्री सारदाप्रसाद घिमिरे | न्यायाधीश | सर्वोच्च अदालत |
